अन्तिम लेखापरीक्षण प्रतिवेदन

मिक्वाखोला गाउँपालिका
ताप्लेजुङ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

मिक्वाखोला गाउँपालिका

ताप्लेजुङ

आर्थिक वर्ष २०७९/८०



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

मिक्वाखोला गाउँपालिका

ताप्लेजुङ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्रयाई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

तोयम राया

महालेखापरीक्षक

जेष्ठ, २०८१

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
कोशी प्रदेश

मितिः२०८१।०२।१३

प.सं. २०८०।८१

च.नं. १३३

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

मिक्वाखोला गाउँ कार्यपालिकाको कार्यालय,

ताप्लेजुङ ।

१. **कैफियत सहितको राय -** हामीले यस पालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.४ करोड ५० लाख ५९ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु २ करोड ३७ लाख ६१ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू २२ लाख ५२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ९६ लाख ५० हजार, नियमित गर्नुपर्ने रू. ९२ लाख ४२ हजार र पेश्की बाँकी रू.१ लाख ५३ हजार समेत रू.२ करोड १२ लाख ९७ हजार रहेको छ । यस पालिकाको गतवर्ष सम्म रू.८ करोड ८० लाख ५४ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको

अद्यावधिक बेरुजू रू.१० करोड ८४ लाख ३० हजार रहेको छ । यस पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी यस पालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्ततले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(श्रीकुमार राई)

नायब महालेखापरीक्षक

मिक्वाखोला गाउँ पालिका,

ताप्लेजुङ जिल्ला,

१. चालु वर्ष २०७९।८० को बेरुजु

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रू. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फर्स्यौट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
बैठकीक	चालु		बैठकीक	चालु		बैठकीक	चालु								
६५	५५	४५०५९	०	१०	२३७६१	६५	४५	२१२९७	२२५२	९२४२	९६५०	०	०	२१२९७	१५३

२. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रू. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फर्स्यौट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
ताप्लेजुङ	८८०५४	०	९६०	८७०९४	३९	२१२९७	१०८४३०

३. बेरुजु सम्परीक्षणको विवरण

क्र. सं	आर्थिक वर्ष	बेरुजुको दफा	छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०७९।८०	३३	असूल भई फर्स्यौट	४३१७९
२	२०७९।८०	४२	नियमित भई फर्स्यौट	४९४९४०
३	२०७९।८०	४६	प्रमाण पेश भई फर्स्यौट	३९८५०
४	२०७९।८०	५१	प्रमाण पेश भई फर्स्यौट	७२४०२
५	२०७९।८०	५३	नियमित भई फर्स्यौट	१०४०००
६	२०७९।८०	७८	नियमित भई फर्स्यौट	४९९९८७
७	२०७९।८०	९०	प्रमाण पेश भई फर्स्यौट	४२७००००

८	२०७९।८०	९२	प्रमाण पेश भई फर्स्यौट	३३३६७४१
९	२०७९।८०	९३.३	प्रमाण पेश भई फर्स्यौट	९४०००००
१०	२०७९।८०	९८	प्रमाण पेश भई फर्स्यौट	५५०००००
	जम्मा			**२,३७,६१,०९९।००**
१	**२०७८।७९**	६३.४	नियमित भई फर्स्यौट	९६००००
	कुल जम्मा			**२,४७,२१,०९९।००**

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

परिचय

१ **परिचयः**

क) मिक्वाखोला गाउँपालिकाको परिचय - स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ५ वडारहेको छ भने क्षेत्रफल ४४३ वर्ग किलोमिटर तथा ७९६४ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि - यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०५।१० देखि २०८०।०६।१८ सम्म रहेको छ।

(घ) लेखापरीक्षण विधि - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

ङ) लेखापरीक्षणको सीमा - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता,

प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति - कार्यालयको विनियोजनतर्फ रू. ०, राजश्वतर्फ रू. ०, धरौटीतर्फ रू. ०, अन्य कारोबारतर्फ रू. ०, आय — व्ययतर्फ रू. ८६,१७,८२,७९२।१३ , सम्पत्ति तथा दायित्व तर्फ रू. ० को गरी जम्मा रू. ८६,१७,८२,७९२।१३ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु - लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची — २ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली - लेखापरीक्षणको क्रममा निम्नानुसारको रू. ... असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रू.

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ वित्तीय प्रतिवेदन

२.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

सि.नं	आयतर्फ		सि.नं	व्ययतर्फ	
	विवरण	**रकम**		**विवरण**	**रकम**
१	**गत वर्षको जिम्मेवारी**		१	**चालु खर्च**	१८४६३४३८३.६५
	क) संचित कोष	९५८७१४२८	२	**पूँजीगत खर्च**	१३०९२८५६५
	ख) धरौटी खाता	५०९८८९१	३	**वित्तीय व्यवस्था भुक्तानी**	
	ग) विविध खर्च खाता/कोष	०		क) ऋण भुक्तानी	
	घ) प्रकोप व्यावस्थापन कोष	०		ख) ब्याज भुक्तानी	

२	**राजस्व (आन्तरिक आय)**	०	४	**लगानी**	
	क) आन्तरिक राजस्व	४७१७३९८		ऋण लगानी	
	ख) संघीय राजस्व बाँडफाँड	६६४४७४४६.८४		शेयर लगानी	
	ग) प्रदेश सवारीसाधन कर			अन्य लगानी	
	घ) अन्य आय +.....	३४०००००	५	**विभिन्न कोषतर्फको खर्च**	०
३	**वित्तीय हस्तान्तरण संघ**			क) विविध खर्च खाता/कोष	०
	क) वित्तीय समानीकरण अनुदान	८६२१००००		ख) प्रकोप व्यावस्थापन कोष	०
	ख) सशर्त अनुदान	१२३८३८७१८		ख) धरौटीफिर्ता	१०२६७६४
	ग) समपूरक अनुदान	२४०८०८८४	६	**जनश्रमदान फिर्ता**	
	घ) विशेष अनुदान	४५२१६२१		**आ.ब.०७८/७९ को अनुदान फिर्ता**	६१४००८९९
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**		७	**अनुदान फिर्ता**	
	क) वित्तीय समानीकरण अनुदान	४९२२०००		क) संघीय सरकार तर्फ फिर्ता	१५७९३९४८
	ख) सशर्त अनुदान	११०९९१३३		ख) प्रदेश सरकार तर्फ फिर्ता	१०२३८६७
	ग) समपुरक अनुदान	०	८	**मौज्दात**	
	घ) विशेष अनुदान	०		क) सञ्चित कोष खाता	१६९०२९५८.५
५	**अन्तर स्थानीय तहबाट प्राप्त**	०		ख) बाँडफाडबाट प्राप्त राजस्व खाता	२६०१६२५८.३३
	क सामाजिक सुरक्षा	३५२५७०३१		ग) पुजिगत खर्च खाता	
	ख) गरिव संग विश्वेश्वर	३४१०००		घ) धरौटी खाता	१०३८२९७९
	ग) एकिकृत स्वस्थ्य पूर्वाधार विकास कार्यक्रम	२३३१९०००		ङ) विविध खर्च खाता	
	घ) राष्ट्रपति महिला उत्थान कार्यक्रम	०		च) विविध कोष खाता	२००००००
६	**अन्य**	०	९	**जनश्रमदान मौज्दात**	

	क) क्षेत्रीय शहरी विकास योजना	०		**अन्तर स्थानीय तहबाट प्राप्त खर्च/फिर्ता**	
	ख) सडक बोर्ड नेपाल	०		क सामाजिक सुरक्षा	३५२५७०३१
	ग) पर्यटन बोर्ड नेपाल	०		ख) गरिब संग विश्वेश्वर	३४१०००
	घ) एन एन एस डब्लु ए	०		ग) एकिकृत स्वस्थ्य पूर्वाधार विकास कार्यक्रम	२३३१९०००
७	**विभिन्न कोषतर्फको आय**				
	क) विविध खर्च खाता/कोष	२००००००			
	ख) प्रकोप व्यावस्थापन कोष	०			
	ग) धरौटी आय	६३१०८५२			
८	**विषयगत निकायबाट प्राप्त**	०			
९	**जनसहभागिता (नगद)**	०			
१०	**लगानीको साँवा फिर्ता**	०			
११	**अन्य आय**	११५९२२५०			
	जम्मा	**५०९०२७६५२.८**		**जम्मा**	**५०९०२७६५३.५**

सैद्धान्तिक बेरुजु

(विस्तृत विवरण बेरुजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रू.३,५२,५७,०३१।००, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रू.२,३३,१९,०००।००, र अन्य रू.३,४१,०००।०० समेत गरी रू. ५,८९,१७,०३१।०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२.३ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः

खाता	**स्रेस्ताअनुसार मौज्दात रू.**	**बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रू.**	**फरक रू.**
स्थानीय तह सञ्चित कोष खाता	७६२५८७४५	२६९०२९५८.५१	४९३५५७८६.५
चालु खर्च खाता	१२२३१०४९	०	१२२३१०४९
पुँजीगत खर्च खाता	१११५७६८	०	१११५७६८
विविध खर्च खाता	०	०	०
विपद व्यवस्थापन खाता	०	०	०
स्थानीय विभाज्य कोष	०	०	०
कर्मचारी कल्याण कोष खाता	०	०	०
धरौटी	१०३८२९७९	१०३८२९७९	०
ग१.१, आन्तरिक राजस्व खाता	४०५८६९९	०	४०५८६९९
ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता	१००००	०	१००००
बैङ्क	०	०	०
		जम्मा	६६७७१३०२.५

६,१४,००,८९९ गत आब.को फिर्ता रकम समयमा फिर्ता गर्न नसकी मलेप पश्चात फिर्ता गरिएको।	

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२.४ **फरक हिसाब** — यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी फरक नभएको र बैङ्क मौज्दात रू.७६,३३,२७९।३२ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	**गतवर्षको जिम्मेवारी**	**बैङ्क मौज्दात**
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२)	१००९७०३१९	३७२८५९३७.५१
एकीकृत आर्थिक विवरणअनुसार	१००९७०३१९	४४९१९२१६.८३
फरक	०	७६३३२७९.३२

सैद्धान्तिक बेरुजु

३ **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर यस पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **आन्तरीक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाइएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छनः

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन ।
- पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन।
- कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन ।
- विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाइयो।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो
- वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन ।
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन ।
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।
- कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाइएन ।
- सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाइएन।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाइएन ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन ।

- संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन।
- वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन ।
- निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाइएन ।
- संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित गरेको पाइएन।
- स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने गरेको पाइएन।
- संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिक गरेको पाइएन।
- कतिपय विद्यालयको माग फाराम अद्यावधिक राखेको पाइएन।
- विद्यालयमा हुने शिक्षक सरुवा, बढुवा, अवकाश, राजिनामा, विस्थापित आदिको विवरण अधावधिक राखेको पाइएन।
- शिक्षकको तलबी तेरिजमा स्थायी, अस्थायी, करार, राहत आदि स्पष्ट रुपमा उल्लेख गरी विवरण राखेको पाइएन।
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।
- सवारी साधन मर्मत गर्दा मर्मत आदेश तथा मर्मत अभिलेख खाता प्रमाणित गरेको पाइएन।
- कतिपय गोश्वारा भौचर र सोसँग सम्बन्धित कागजातका अधिकार प्राप्त व्यक्तिको हस्ताक्षर नभएको,
- भ्रमण अभिलेख खाता राख्ने गरेको पाइएन।
- भ्रमण प्रतिवेदन दिने गरेको पाइएन।

- इन्धन खर्चको लगबुक तोकिएको ढाँचामा राखी प्रमाणित नगरेको एवं लगबुगमा इन्धनको परिमाण उल्लेख गरेको पाइएन।
- नियममा उल्लेखित व्यवस्था बमोजिम जिन्सी निरीक्षण नगरेको कारण जिन्सी सामानको अवस्था यकिन भएको पाइएन।
- पाम्स प्राणालीमा जिन्सी अभिलेख राखेको पाइएन।
- संस्थागत विद्यालयहरूको दर्ता, नविकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित रहेको पाइएन।,
- स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरी अनुगमन गरेको पाइएन।
- संस्थागत विद्यालयहरूमा अध्यनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिक गरेको पाइएन।
- विद्यालयको माग फाराम बेगर विद्यालयको नाममा रकम निकासा गरेको तथा कतिपय विद्यालयको माग फारामको अभिलेख अद्यावद्यिक राखेको पाइएन।
- विद्यालयको शिक्षक सरुवा, बढुवा, अवकाश, राजिनामा, विस्थापित आदिको विवरण अधावधिक गरी राखेको पाइएन।
- शिक्षकको तलबी विवरणमा स्थायी, अस्थायी, करार, राहत आदि स्पष्ट रुपमा उल्लेख गरी विवरण राखेको पाइएन।
- अनुदान वितरणमा दोहोरो पना हुने नहुने कुराको सुनिश्चित गर्न अनुदान वितरण खाता राखेको पाइएन।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना

तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।०३।१० मा रू.३५ करोड ४७ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।०३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।०४।०१ मा

प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ६५ वडाको लागि वडागत र पालिकास्तरका कुल १९ योजनामा वजेट विनियोजन गरेको छ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रू.२० लाखमाथिका योजना सङ्ख्या	रू.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या	रू.५लाखभन्दा कमका योजना सङ्ख्या
१.	पालिकास्तरीय	१९	१	१७	१
२.	वडास्तरीय	६५	०	६	५९
	जम्मा	८४	१	२३	६०

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ८३ योजना कार्यान्वयन भई १ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **लक्ष्य प्रगति -** कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

कार्यक्रम/योजना	कुल कार्यक्रम	वार्षिक प्रगति स्थिति			
		शून्य प्रगति	२५%सम्म प्रगति	५०% सम्म प्रगति	७५% सम्म प्रगति

कार्यक्रम संख्या	८४	०	०	१	८३

सैद्धान्तिक बेरुजु

१२ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

मुख्यक्षेत्र	वार्षिकबजेट	खर्चरकम	कुलखर्चमध्येप्रतिशत
आर्थिक विकास	२,०३,५६,०००	१,१५,२४,६१४	५६.६२
सामाजिक क्षेत्र	११,९१,१९,०००	९,६३,९२,७४८	८०.९२
पूर्वाधार विकास क्षेत्र	१३,४७,३५,०००	१,१९,५०,७७५	८९.०३
वातावरण तथा विपद् व्यवस्थापन	०	०	०
संस्थागत विकास र सेवाप्रवाह	६६,००,०००	६,१०,०२,००९	९२.४३
वित्तीय व्यवस्थापन र सुशासन			
कार्यसञ्चालन तथा प्रशासनिक खर्च	१०,०६,०१,०००	८,१५,९४,६०२.६५	९२.४३
जम्मा	३८१४११०००	३१५५६२९४८.६५	८२.७३

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये कार्यसञ्चालन तथा प्रशासनिक खर्चमा सबैभन्दा बढी ९२।४३ प्रतिशत र आर्थिक विकास मा सबै भन्दा घटीमा ५६।६२ प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरुजु

१३ **खर्च बिश्लेषण -** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रू.४७,१७,३९८।०० संघीय राजस्व बाँडफाँडबाट रू.६,६४,४७,४४६।८४ समेत रू.५०,९०,२७,६५२।८ आम्दानी भएकोमा चालु तर्फ रू.१८,४६,३४,३८३।६५ र पूँजिगत तर्फ रू.१३,०९,२८,५६५।०० र वित्तीय व्यबस्था तर्फ शुन्य समेत रू.३१,५५,६२,९४८।६५ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १।५ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रू.४५,१२,०००।०० खर्च भएको छ जुन आन्तरिक आयको ९५।६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ३६।२७ प्रतिशत चालु र २५।७२ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको

देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **त्रैमासिक पूँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिनाको खर्च
		प्रथम	दोस्रो	तेश्रो	चौथो	
पुँजीगत खर्चतर्फ	१३०९२६	६२१४	१०२६३	३७४१२	७७०३७	४५०७१
प्रतिशत	१००	४.७४	७.८३	२८.५७	५८.८४	३४.४२

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रू.१३ करोड ९ लाख २६ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रू. ६२ लाख १४ हजार (४।७४प्रतिशत), दोस्रो त्रैमासिकमा रू.१ करोड २ लाख ६३ हजार (७।८३प्रतिशत) र तेस्रो त्रैमासिकमा रू.३ करोड ७४ लाख १२ हजार (२८।५७ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रू.४ करोड ५० लाख ७१ हजार (३४।४२ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ **जिन्सी निरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **जिन्सी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यो पालिकामा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न देखिएको व्यहोरा निम्न छ ।

सैद्धान्तिक बेरुजु

(विस्तृत विवरण बेरुजु दफा १७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

१८ **कानून र सञ्चालन स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ८ वटा ऐन, ३ वटा नियमावली, २२ कार्यविधि लगायत ३५ वटा कानुन निर्माण गरी

कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले ३५ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नदेखिएको र यो वर्ष थप भएको २४ गरी कुल २४ विवाद दर्ता भएकोमा २१ वटा फर्स्यौंट भई २ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२० **सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

२१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १५ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित ४८ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

२२ **कर्मचारी व्यवस्था -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रू. ८७,७५,६१६।०० भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था अनुसार कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य गर्नुपर्दछ ।

पद	नियुक्ति संख्या	तलव भत्ता रू.
कम्प्यूटर अपरेटर	१	४७५०००
सव ईन्जिनियर	१	४७५०००
नाप्रास	२	८५९४५२
नाप्रसेप्रा	१	४२९७२६
अपरेटर	१	४२९७२६
ल्याव टेक्निसियन	१	४७५०००
हेल्थ असिस्टेन्ट	१	४७५०००
अहेव	७	३००८०८२
अनमि	४	२१४८६३०
जम्मा	१९	८७७५६१६

सैद्धान्तिक बेरुजु

२३ **फोहरमैला व्यवस्थापन -** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२४ **म्याद ननाघेको पेश्की -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विभिन्न कार्यक्रममा ४ निकाय व्यक्ति तथा संस्थालाई रू.१,७८,८३,०००।०० पेश्की दिएको छ । पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद

ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फस्यौंट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ ।

गो भौ नं मिति	पेश्की लिने व्यक्ति वा फर्म	पेश्कीको विवरण	रकम
८२।२०८०।१।१९	आशिष स्वामिनारायण योगेश्वर जेभि	प्रशासकिय भवन निर्माण	९४०००००
३४७०२१०७४	आशिष स्वामिनारायण योगेश्वर जेभि	प्रशासकिय भवन निर्माण	८३३००००
जम्मा			१७८८३०००

सैद्धान्तिक बेरुजु

२५ **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रू.३० लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रू.४७,१७,३९८।०० अर्थात अनुमान भन्दा ५४।२४ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

२६ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
३१५५६२९४८.६५	४७१७३९८	१.४९

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.४९ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ

सैद्धान्तिक बेरुजु

२७ **कर तथा शुल्क असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
अन्य कर	३००००००	४७१७३९८	५४.२४ बढी
जम्मा	३००००००	४७१७३९८	

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

२८ **राजश्व अभिलेख -** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो ।

सैद्धान्तिक बेरुजु

२९ **आन्तरिक आय ठेक्का -** पालिकाले यस वर्ष आन्तरिक आयका लागि तमोर नदिबाट बालुवा, ढुङ्गा गिट्टी संकलन तथा निकासी गर्न देहाय बमोजिमका ठेक्का सम्झौता भएको छ ।

ठेक्का नं.	स्थान	न्यूनतम अंक	ठेक्का कबोल गर्ने	कबोल तथा सम्झौता अंक
१।२०७९।८०	थुम्बा हुँदै दगुर्नेसम्म	२५००००	के.सी. कन्स्ट्रक्सन ताप्लेजुङ	२५०५००
२।२०७९।८०	दगुर्ने हुँदै हान्द्राङ्त्रिवेणीसम्म	५००००	के.सी. कन्स्ट्रक्सन ताप्लेजुङ	५०५००
४।०७९।८०	लप्सीबोटे पुछार	१०००००	फुङफुङ शैलेश्वी निर्माण सेवा ताप्लेजुङ	१००५००

उपरोक्त ठेक्काका सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्:

२९.१ नदिजन्य ठेक्का लगाउँदा IEE प्रतिवेदनका आधारमा प्रतिवेदनले तोके बमोजिमको परिमाण र स्थानमा मात्र लगाउनुपर्दछ । पालिकाले IEE प्रतिवेदन वेगर एवं परिमाण नखुलाई ठेक्का लगाएको छ । परिमाण नखुलाई रकम मात्र उल्लेख गरी ठेक्का लगाउँदा ठेक्का सकारकर्ताले जतिपनि परिमाण संकलन उत्खनन् तथा निकासी

गर्ने हुँदा त्यसबाट वातावरणमा गंभिर प्रभाव पर्न सक्ने र ठेक्का सम्झौतामा उल्लेखित रकम भन्दा बढी परिमाणमा निकासी हुने जोखिम देखिएको हुँदा यस सम्बन्धमा पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२९.२ नदिजन्य वस्तुको ठेक्का लगाउँदा IEE प्रतिवेदन अनुसार आश्विन देखि जेठ मसान्त सम्मका लागि लगाउनु पर्नेमा १ तथा २ नम्बर ठेक्का २०७९ श्रावण २२ देखि २०८० आषाढ मसान्त सम्मका लागि तथा ठेक्का नं. ४, २०७९ असोज १२ देखि २०८० असार मसान्त सम्मका लागि लगाएको हुँदा उक्त ठेक्का प्रक्रिया सही नभएको देखिन्छ । पालिकाले यस तर्फ सचेत हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२९.३ मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५(३) मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको विक्रि गर्दा मूल्य अभिवृद्धि कर असुल गरी वेदर्तावालाबाट संकलन गरिने राजस्व शीर्षक नं. ३३११७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ । ठेक्का सकारकर्ता के.सी. कन्स्ट्रक्सनसँग ठेक्का नं. १ र २ को लागि जम्मा मू.अ.कर बाहेक ३,०१,०००।०० मा ठेक्का सम्झौता भएकोमा दुवै ठेक्काबाट मूल्य अभिवृद्धि कर असुल नगरेको हुँदा १३% ले हुने मू.अ.कर रू. ३९,१३०।०० असुल गरी राजस्व शीर्षक नम्बर ३३११७ मा दाखिला गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	३९,१३०

२९.४ ठेक्का नम्बर १।०७९।८० को सम्झौता अनुसार पहिलो किस्ता सम्झौता वखत ३५ प्रतिशत र बाँकी दोस्रो किस्ता फागुन मसान्त भित्र र तेस्रो असार मसान्त भित्र बुझाई सक्नु पर्ने उल्लेख छ । तर पहिलो किस्ता रू. ८७,६७५।०० सम्झौता गर्दा कै बखत प्राप्त भए पनि दोस्रो तथा तेस्रो किस्ता २०८० श्रावण २५ मा मात्र प्राप्त भएको छ । सम्झौताको बुँदा नम्बर ११ मा तोकिएको म्याद भित्र रकम नबुझाएको १० प्रतिशत व्याज समेत लगाउने उल्लेख छ । तसर्थ दोस्रो तथा तेस्रो किस्ताको समेत रू. १,६३,८२५।०० मा सम्झौता अनुसार १० प्रतिशतले हुने व्याज रू. १६,२८२।५० असुल हुनुपर्ने रू.

असुल गर्नुपर्ने	१६,२८२.५

२९.५ ठेक्का नम्बर २।०७९।८० को प्रथम किस्ता वापतको रू.१७,६७६।०० सम्झौता गर्दाकै बखत प्राप्त भएपनि बाँकी रू. ३२,८२५।०० हालसम्म पनि प्राप्त नभएको हुँदा सम्झौता को बुँदा नं. १० बमोजिम म्याद भित्र नबुझाएको बापतको १० प्रतिशत व्याज रू. ३,२८५।५० समेतले हुने रू.३६,१०७।५० ठेकेदार के.सी. कन्ट्रक्सनबाट असुल गरी राजस्व बाँडफाँट (प्रथम किस्तासमेत) हुनुपर्ने रू.

असुल गर्नुपर्ने	३६,१०७.५

२९.६ उपरोक्त ठेक्का नं. ३।०७९।८० को मूल्य अभिवृद्धि कर बाहेक सम्झौता रकम रू. १,००,५००।०० को १३ प्रतिशतले हुने मू.अ.कर वापतको रू. १३,०६५।०० निर्माण व्यवसायी फुङ्फुङ शैलेश्वरी निर्माण सेवाबाट असुल गरी राजस्व शीर्षक नम्बर ३३,११७।०० मा दाखिला गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	१३,०६५

२९.७ ठेक्का नम्बर ३।०७९।८० को सम्झौता रकम १,००,५००।०० मध्ये प्रथम किस्ता वापतको मू.अ.कर बाहेक रू.३५,१७५।०० मात्र प्राप्त भएको छ ।बाँकी रकम प्राप्त नभएको हुँदा मू.अ.कर बाहेकको प्राप्त हुन बाँकी रकम रू. ६५,३२५।०० मा सम्झौताको बुँदा नं.१० बमोजिम १० प्रतिशत व्याज समेत थप गरी हुने रू. ७१,८५७।५० ठेकेदार फुङफुङ शैलेश्वरी निर्माण सेवाबाट असुल गरी राजस्व बाँडफाँड समेत हुनुपर्ने रू.

असुल गर्नुपर्ने	७१,८५७.५

२९.८ स्थानीय तहले प्रदेश आर्थिक ऐन, २०७९ को दफा ६ बमोजिम असुल गरेको ढुङ्गा, गिट्टी, बालुवाको मू.अ.कर बाहेकको उपरोक्त बमोजिमको आम्दानी रू.२,५०,५००।०० (ठेक्का नं. १।०७९।८० को प्राप्त) बाँडफाँट गरी ४० प्रतिशतले हुने रू. १००,२००।०० प्रदेश सञ्चित कोषमा पठाउनुपर्ने रू.

असुल गर्नुपर्ने	१,००,२००

३० **बढी दरमा बैठक भत्ता -** गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३, अनुसूची-१ मा गाउँपालिका सदस्यले पाउने बैठक भत्ताको दर रू. १,०००।०० तोकेको छ । विभिन्न मितिमा बसेको कार्य पालिकाको बैठकमा उपस्थिति नि. प्रमुख प्रशासकीय अधिकृत ललित नारायण यादवलाई १६ वटा बैठकको रू. १,५००।०० का दरले भुक्तानी भएको हुँदा बढी भुक्तानी भएको रू. ८,०००।०० मा कर कट्टी पछिको हुने रू. ६,८००।०० असुल गरी दाखिला गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	६,८००

३१ **महँगी भत्ता -** नेपाल सरकार अर्थ मन्त्रालयलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. २०७७।७८ च.नं. १०३ मिति २०७८।३।२४ को पत्रबाट नेपाल सरकार अन्तर्गत विभिन्न निकायको स्वीकृत दरबन्दीमा करारमा कार्यरत कर्मचारीहरुलाई मासिक रुपमा महगी भत्ता उपलब्ध गराउने सम्बन्धी ब्यहोराका सम्बन्धमा कानुनमा यस किसिमको ब्यबस्था नभएकोले महगी भत्ता उपलब्ध गरउन नसकिने निर्णय गरी मिति २०७९।१।२१ मा जानकारी गराएको देखिन्छ । त्यसैगरी स्थानीय तहमा कार्यरत करारका कर्मचारीहरुलाई महँगी भत्ता उपलब्ध गराउन मिल्ने कानूनी ब्यबस्था देखिदैन । तर पालिकाले देहाय बमोजिमका करार कर्मचारीलाई उक्त परिपत्र विपरित रू. ४,३८,४३७।०० महंगी भत्ता उपलब्ध गराएको नियमत सम्मत नदेखिएको रू.

कर्मचारीको नाम थर	पद	महंगी भत्ता (१% कट्टी पछि)
लक्ष्मी मगर	क.अ.	२३७६०
सिक्कुम लिम्बु	सव-इन्जिनियर	२३७६०
विना बस्नेत	ना.प्रा.स.	२३७६०
कविता गुरुङ	ना.प्र.से.प्रा.	२३७६०
कविता खड्का	ना.प्रा.स.	२३७६०
मन कुमार सामेखाम	अपरेटर	२३७६०
सुवास लिम्बु	हलुका सवारी चालक	१९८०
पूर्ण ब. लिम्बु	का.स.	२३७६०
टंक ब. गुरुङ	का.स.	२३७६०
शरण कुमार लिम्बु	का.स.	२३७६०
मिङमा शेर्पा	का.स.	२३७६०
भिम कुमारी इङ्नाम	का.स.	२३७६०
अनिल कुमार सावा	का.स.	२३७६०
सरिता लिम्बु	का.स.	२३७६०
झुना कार्की	का.स.	२३७६०
माईकल शेर्पा	का.स.	२३७६०
अविनाश लिम्बु	का.स.	२३७६०
गम्बिर मान लिम्बु	का.स.	१९८००
डिल्ली गिरी	का.स.	१९८००
राजेन्द्र थापा	हलुका सवारी चालक	१६६९७.३४
जम्मा		४३८४३७.३४

अनियमित भएको	४,३८,४३७.३४

३२ **महिला स्वयंसेविका प्रोत्साहन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेखु अघि आवश्यक विल भरपाई वा कागजात संलग्न

भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुने नगरेको जाँच गर्नुपर्ने व्यवस्था छ ।पालिकाले वार्षिक स्वीकृत कार्यक्रम अनुसार ४ वटा स्वास्थ्य केन्द्र अन्तर्गतका ६४ जना महिला स्वास्थ्य सेविकाहरुलाई प्रोत्साहन स्वरुप रू.१२,०००।०० का दरले वितरण गर्न दुई जनाको हस्ताक्षरबाट खाता संचालन हुने ४ स्वास्थ्य केन्द्रमा पठाएको छ । यसरी पठाइएको रकम सम्बन्धित महिला स्वयंसेविकाले प्राप्त गरेको भरपाई पेश नभएको रू.

प्रमाण पेश नगरेको	७,६८,०००

३३ **माथिल्लो पदको तलब भत्ता -** ✍ *.....(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति* **२०८०-११-२७** *को निर्णयबाट* **रू.४३,१७९** */- सम्परीक्षण गरिएको ।)*

३४ **विद्युतीय चुलो खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ तथा सार्वजनिक खरिद नियमावली २०६४को नियम ३१(ख) को अधिकार प्रयोग गरी बनेको उत्पादक वा अधिकृत बिक्रेताद्धारा निर्धारित दरमा (क्याटलग सपिङ) खरिद गर्ने कार्यविधि,२०७४ को दफा ३ मा क्याटलग सपिङ विधिबाट खरिद गर्न सकिने मालसामानहरु बारे उल्लेख छ । पालिकाले यस वर्षको स्वीकृत बजेट तथा कार्यक्रम अनुसार वडा नं. २ मा विद्युतीय चुलो वितरण कार्यक्रम अन्तर्गत क्याटलग सपिङ विधि प्रयोग गरी स्वीच अन सोलुसन प्रा.लि. ताप्लेजुङबाट ४०० थान विद्युतीय चुलो (Infrared cooker)खरिद गरी रू. १९,१०,०००।०० भुक्तानी गरेको छ । खरिद गरिएका ४०० थान चुलो मध्ये साविक खोक्लिन ५, ६, ७, ८ र ९ हाल मिक्वाखोला वडा नं. २ का ३४८ जनालाई वितरण गरेको भरपाई पेश भएको छ । खरिद गरिएका ४०० थान मध्ये रू. २,४८,३००।०० का ५२ थान चुलो वितरण गर्न बाँकी देखिन्छ । यसरी खरिद गरी वितरण गरेका चुलोहरु वडाका क-कसलाई वितरण गर्ने भन्ने वडाबाट भएको निर्णय समेत पेश नभएको तथा वितरण गर्न बाँकी ५२ थान चुलो कस्लाई वितरण गर्ने सम्बन्धमा समेत स्पष्ट गरेको छैन । विरतण गर्न बाँकी चुलोका सम्बन्धमा वडा कार्यालयकोनिर्णय अनुसारका व्यक्तिलाई वितरण गरेको भरपाई पेश गर्नुपर्दछ । अन्यथा खरिद तथा वितरण प्रक्रियामा संलग्न व्यक्तिबाट रु २,४८,३००।०० असुल गर्नुपर्दछ । कार्यविधिको दफा ३ मा वर्गीकरण गरिएका सामानमा विद्युतीय चुलो नपर्ने देखिएकोले उक्त खरिद कार्य अनियमित देखिएको रू.

अनियमित भएको	१९,१०,०००

३५ **इन्धन खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि आवश्यक विल भरपाई वा कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुने नगरेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिम आयल सप्लायर्सका बिल संलग्न गरी उक्त सप्लायर्सलाई रू. ३,७१,४५२।०० भुक्तानी गरेको छ । उक्त खरिद गरिएको इन्धन कहाँ प्रयोग गरियो सोको लगबुक सहित पुष्टयाई गर्ने कागजात संलग्न छैन । त्यसैगरी खरिद आदेश तथा दाखिला प्रतिवेदन समेत पेश भएन । यसर्थ खरिद गरिएको इन्धनको

सम्बन्धमा वास्तविक खरिद र खर्च सम्बन्धमा सुनिश्चित हुन नसकिएकोले खर्च पुष्टि हुने आवश्यक प्रमाण पेश गर्नुपर्ने रू.

भौ.नं./मिति	वितरण	आपूर्तक/सप्लायर्स	परिमाण	भुक्तानी रकम
१९७।०७९।१२।२२	डिजेल	पाथीभरा आयल सप्लायर्स	१०८१.०८०	१९९९९९
२८०।०८०।२।२८	डिजेल	पाथीभरा आयल सप्लायर्स	४३३.५१०	८१४९९
३४७।०८०।३।२१	डिजेल	आशिका आयल स्टोर	५४८.२०	८९९५४
			जम्मा	३७१४५२

प्रमाण पेश नगरेको	३,७१,४५२

३६ **वृत्त चित्र निर्माण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेखु अघि आवश्यक विल भरपाई वा कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुने नगरेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाको वडा नं. ५ को संस्कृति संरक्षण तथा प्रचार प्रसार कार्यक्रम अन्तर्गत वृत्त चित्र निर्माण गर्न पालिका र ढोक्पा लर्निङ ग्राउण्डबिच २०८०।३।७ मा सम्झौता भई २०८०।३।१५ मा कार्य सम्पन्न गर्ने भनिएको देखिन्छ । वडा नं. ५ कार्यालयको च.नं. ४१९ मिति २०८०।३।१७ को पत्रबाट कार्यसम्पन्न भएको सिफारिस पत्र समेत संलग्न गरी ढोक्पा लर्निङ ग्राउण्डलाई रू. १,५३,०००।०० भुक्तानी गरेको छ । तर उक्त ढोक्पा लर्निङ ग्राउण्डले हालसम्म पनि वृत्त चित्र निर्माण गरी पालिकालाई बुझाएको छैन । यसरी तोकिएको काम सम्पन्न नगरी सिफारिस गर्ने व्यक्तिलाई समेत जिम्मेवार बनाई उक्त रकम असुल गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	१,५३,०००

३७ **प्रविधि हस्तान्तरण -** गरिव निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७, बमोजिम उद्यमिको स्तरोन्ततती तथा संभाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा वृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समूहमा प्रविधि हस्तान्तरण कार्यक्रम अन्तर्गत क्रमशः रू.४,८०,०००।०० र रू.१,४०,०००।०० समेत रू. ६,२०,०००।- बजेट व्यवस्था भएकोमा पालिकाले ३ वटा खुला कोटेशन माग गरी सबै भन्दा कम दररेट भएको सागंकेन्भा ट्रेड एण्ड सप्लायर्सबाट कम्वाइन्ड साइस मिल प्रति थान रू. ४७,६९०।०० का दरले रू.६,१७,५००।०० मा खरिद गरेको छ । पालिकाले कस्तो किसिमको र कति क्षेमताको राइस मिल खरिद गर्ने भनि कुनै स्पेसिफिकेशन एवं लागत अनुमान तयार गरेको देखिएन । खरिद विलमा पनि कुन ब्राण्ड र कस्तो स्पेसिफिकेशनको सामान उल्लेख छैन । खरिद गरिएका उक्त सामान उद्यमीलाई वितरण नगरी कार्यालयको प्यासेजमा थुपारी राखेको अवस्थामा देखियो । लेखापरीक्षण सम्पन्न पश्चात जनप्रतिनिधि समेतको उपस्थितिमा छलफल गर्दा उक्त सामान उद्यमीहरुको आवश्यकता अनुरुप नभएकोले विवरण हुन नसकेको, एवं उक्त सामान जनप्रतिनिधिसँग छलफल समेत

नगरी खरिद भएको जवाफ प्राप्त भयो । तसर्थ यस सम्बन्धमा पालिकाले थप छानविन गरी उद्यमीको आवश्यकता अनुरुपको भए उपभोक्ताले व्यहोर्नुपर्ने अंश दाखिला गराई वितरण गरेको प्रमाण पेश हुनुपर्दछ । यदि कम गुणस्तरको र उद्यमीको आवश्यकता अनुसार नभएको भए सो सामान खरिद कार्यमा संलग्न कर्मचारीलाई जिम्मेवार बनाई उक्त सामान फिर्ता गराई असुल गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	६,१७,५००

३८ **फोटोकपी विलबाट भुक्तानी -** मूल्य अभिवृद्धि कर नियमावली २०६४ को नियम १७ मा दर्ता भएको व्यक्तिले कुन वस्तु वा सेवा आपूर्ती गर्दा अनुसूचीमा तोकिए बमोजिमको ढाँचाको सक्कल प्रति कर विजक प्रापकलाई दिनुपर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिमको भुक्तानी गर्दा सक्कल विल विजक वेगर फोटोकपी विलका आधारमा भुक्तानी गरेको हुँदा सक्कल विल पेश गर्नुपर्ने रू.

भौ.नं./मिति	**विवरण**	**विजक नं./मिति**	**भुक्तानी पाउने**	**रकम**
१६८।०७९।१२।७	सूचना प्रकाशन	०४०।०७९।१२।५	पर्फेक्ट एण्ड एजेन्सी प्रा.लि.	१४६८२१
१७६।०७९।१२।७	मसलन्द (डायरी खरिद) तथा का.सामाग्री		मिश्रा छापाखाना एण्ड ट्रेडर्स	१५०००
१७७।०७९।१२।८	झोला खरिद		मिश्रा छापाखाना एण्ड ट्रेडर्स	८४७५०
जम्मा				२४६५७१

प्रमाण पेश नगरेको	२,४६,५७१

३९ **जे.सी.भी. (व्याक हो लोडर) -** पालिकाको नाममा रहेको जेसीभी वर्ष भरिमा कहाँ कहाँ प्रयोग भयो, त्यसले वर्षभरीमा कति आम्दानी गर्यो र इन्धन लगायत मर्मत संभारमा कति खर्च भयो भन्ने सम्बन्धमा पालिकाले स्पस्ट हुने गरी अभलेख राखेको छैन । जसले गर्दा आम्दानी खर्चको अभिलेख वेगर विश्लेषण गर्न सकिएन । आम्दानी खर्च स्पस्ट हुने गरी अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४० **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७९ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र

नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका निजि शिक्षक व्यवस्थापनमा रू.३७,८३,०००।०० वित्तीय समानीकरण अनुदानबाट तलब भत्ता भुक्तानी गरेको पाइयो।

सैद्धान्तिक बेरुजु

४१ **बिल पेश नभएको -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेखु अघि आवश्यक विल भरपाई वा कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुने नगरेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौ.नं. २९।०७९।।६।१२ बाट स्मार्ट क्रियटिभ प्रा.लि.लाई सूचना प्रकाशन वापत रू. १,१४,८७५।०० भुक्तानी गरेकोमा विल पेश नभएको रू.

प्रमाण पेश नगरेको	१,१४,८७५

४२ **क्यालेण्डर छपाई -** ..... ***(प्रारम्भिक प्रतिवेदन उपर नियमित भई पेश भएको आधारमा मिति २०८०-१२-१७ को निर्णयबाट रू.४९४,९४० ।- सम्परीक्षण गरिएको ।)***

४३ **राष्ट्रपति महिला जिवीकोपार्जन कार्यक्रम -** पालिकाले आर्थिक वर्षको अन्तिममा स्थानीय तहमा जिवीकोपार्जन सुधार कार्यक्रमको लागि प्रदेश सरकारबाट बजेट प्राप्त गरेको छ । पालिकाले कार्यक्रमको स्वीकृत कार्ययोजना तथा लागत अनुमान बेगर मात्रिका हस्तकला उद्योग तथा प्रशिक्षण केन्द्रसंगको सहकार्यमा स्थानीय तहमा जिवीकोपार्जन सुधार कार्यक्रम गरेको जनाएको छ । कार्यक्रम कहाँ गर्ने कहिले गर्ने कसरी गर्ने तथा उक्त कार्यक्रममा सहभागि को हुने तथा सहभागीहरुको छनौट कसरी गर्ने आदि कुनै कुराको मापदण्ड तय नगरी कार्यक्रम संचालन गरेको छ ।उक्त कार्यक्रमका लागि पालिकाले भौ नं १७४।२०८०।३।२३ बाट कार्यक्रममा सहभागी विभिन्न २७ जना महिला सहभागीहरुलाई रु २४,०७४।०० को दरले जम्मा रु ६,४९,९९८।०० तथा अरु विभिन्न भत्तामा रु १,७९,४८२।०० समेत जम्मा रु ८,२९,४८०।०० खर्च गरेको छ । यसरी स्वीकृत कार्ययोजना तथा लागत अनुमान वेगर गरेको खर्च नियमसम्मत नदेखिएको खर्च रु

अनियमित भएको	८,२९,४८०

४४ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ५ वडामा ७ योजना सञ्चालन गरी यस वर्ष ५५ जनालाई औसत ९८।५५ दिनले ५४२० दिन रोजगारी उपलव्ध गराई रु ३३,६०,४००।०० श्रमिक ज्याला खर्च गरेको

छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४५ **तरकारी बाली पकेट निरन्तरता कार्यक्रम -** परियोजना कार्यान्वयन म्यानुअलको परिच्छेद ७ को बुँदा नं ७.१ मा साना सिंचाई पूर्वाधारमा बढीमा ८५ प्रतिशत अनुदान दिने व्यवस्था भएकोमा पालिकाले वडा नं ४ मा गठित नविन कृषक समुहलाई तरकारी बाली पकेट निरन्तरता कार्यक्रमको लागि देहायबमोजिमको सिंचाई तथा पूर्वधारका सामाग्रीहरुमा रु ४,१९,५३८।०० भुक्तानी गरेकोमा सो को ८५ प्रतिशतले हुने रु ३,५६,६०७।०० मात्र भुक्तानी दिनुपर्नेमा १०० प्रतिशत अनुदान दिएको बढी भुक्तानी असुल गर्नुपर्ने रु

भौ नं	समुहको नाम	कृषि औजार तथा उपकरण	परिमाण	दर	निकासा भएको अनुदान	बढी अनुदान(१५ प्रतिशत)
१६२।२०८०।३।२२	नविन कृषक समुह	पाल	३० थान	६०४६।५	१८१३९५	२७२०९
		जालि	२५ थान	४७७६।३	११९४०७।५	१७९११
		टेकी	३० थान	२३४९।०	७०४७०।०	१०५७०
		जम्मा (मु.अ.कर समेत)			४१९५३७।९२	६२९३०

असुल गर्नुपर्ने	६२,९३०

४६ **जिन्सी दाखिला -** ..... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति* **२०८०-१२-६** *को निर्णयबाट रू.* **३९,८५०** */- सम्परीक्षण गरिएको ।)*

४७ **अनुदान वितरण -** अनुदान वितरण गर्दा एउटै लाभग्राहीलाई पटक पटक दोहोरो पर्ने गरी र कतिपय लाभग्राहीलाई सो अवसरबाट बञ्चित हुने गरी वितरण गर्नु हुदैन ।पालिकाले अनुदान वितरण गर्ने कार्यमा अनुदान प्राप्त गर्ने लाभग्राहीहरुसंग विगतमा अनुदान प्राप्त गरे नगरेको व्यहोरा उल्लेख गरी स्वघोषणा

फाराम भराउने कार्य गरेको देखिदैन । यस्तो कार्यबाट एउटै लाभग्राहीले बारम्बार अनुदान प्राप्त गर्ने तथा कतिपय लाभग्राही अनुदान प्राप्तिबाट विमुख हुने सम्भावना रहन्छ । साथै अनुदान वितरण कार्यमा दोहोरोपना समेत हुने हुँदा पालिकाले अनुदान वितरणको अभिलेख व्यवस्थित गरी दोहोरो नपर्ने गरी समानुपातिक ढंगले वितरण गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

४८ **वर्षान्तको पेश्की बाँकी -**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५१ मा आर्थिक वर्षको अन्त्य सम्ममा बजेट फ्रिज हुन नदिने उद्देश्यले कसैलाई पेश्की दिन नमिल्ने व्यवस्था छ । पालिकाले सङ्घीय सशर्तबाट आर्थिक वर्षको अन्त्यमा कर्मचारीलाई पेश्की दिएको देखियो । उक्त पेश्कीबाट लेखापरीक्षण अवधिसम्म पनि कुनै काम भएको देखिदैन ।तसर्थ लेखापरीक्षण अवधिसम्म पनि पेश्की फर्छ्यौट गरी कागजात पेश नभएकोले नियमअनुसार फर्छ्यौट गर्नुपर्ने रु

भौ नं मिति	पेश्की लिनेको नाम	रकम
११०।२०८०।२।३०	खोक्लिङ सामुदायिक सिकाई केन्द्र	१५३०००।००

पेश्की	१,५३,०००

४९ **बढी निकासा -** आर्थिक कार्यविधि तथा वितीय उतरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेखु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । पालिकाले देहायबमोजिमका विद्यालयका शिक्षकहरुको तलब बढी निकासा गरेको हुँदा असुल गर्नुपर्ने रु

विद्यालयको नाम	शिक्षकको नाम	बढी निकासा रु	कैफियत
मोति माध्यमिक विद्यालय	दिपक प्रसाद सेडाई	३४७२३	२०७९ श्रावण २३ अवकास । प्रथम त्रैमासिकमा क.सं.कोष समेतको भुक्तानी
वेशी गाँउ आधारभुत विद्यालय	· संजिव कुमार राय	३०२००	२०७९।११।०१ मा राजीनामा। चौथो त्रैमासिकमा भुक्तानी
बाल्देन माध्यमिक विद्यालय पापुङ	बालसहजकर्ता, विद्यालय कर्मचारी तथा सहायक तलब	·८३१०	रु १२२८६४७।९ निकासा हुनुपर्नेमा १२३६९५८।०० निकासा भएकोमा बढी निकासा
जम्मा		७३२३३	

असुल गर्नुपर्ने	७३,२३३

५० **बढी भुक्तानी -** पारित तलबी प्रतिवेदन अनुसार साँवा माध्यमिक विद्यालयको शिक्षक श्रीमती विमला साँवालाई ३ ग्रेडको मासिक रु १,१५८।०० को दरले ९ महिनाको रु ३१,२६६।०० मा १० प्रतिशत क.सं कोष थप समेत रु ३४,३९२।०० निकासा हुनुपर्नेमा निजको नाममा ५ ग्रेडको मासिक रु १,१५८।- को दरले ९ महिनाको रु ५२,११०।०० मा १० प्रतिशत क.सं कोष थप समेत रु ५७,३२१।०० निकासा भएकोले बढी निकासा भएको रु २२,९२९।०० असुल गरी दाखिला गर्नुपर्ने रु

असुल गर्नुपर्ने	२२,९२९

५१ **तलबी प्रतिवेदन -** ..... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति* **२०८०-१२-६** *को निर्णयबाट रू.* **७२,४०२** */- सम्परीक्षण गरिएको ।)*

५२ **दिवा खाजा, छात्रवृत्ति तथा पाठ्यपुस्तक वितरण कार्यक्रम-**

क) दिवा खाजा कार्यक्रम - कार्याक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को २.८.७ क्रियाकलापको बुँदा नं ग मा विद्यालय सञ्चालन हुनासाथ दिवा खाजा व्यवस्थापन गर्नुपर्ने भएकाले आर्थिक वर्षको सुरुमै शैक्षिक व्यवस्थापन सूचना प्रणाली IEMIS मा समावेश भएको प्रारम्भिक बाल विकासदेखि कक्षा ६ सम्मको विद्यार्थी सङ्ख्यालाई आधार मानि प्रति विद्यार्थीका लागि दैनिक रु १५ का दरले पहिलो त्रैमासिकको बजेट निकासा गर्ने तथा बुँदा नं घ मा दोस्रो त्रैमासिकदेखि स्थानीय तहले विद्यालय भौतिक रुपमा पूरा चलेको दिन(परीक्षामा सामेल भएको दिनसमेत) खाजा उपलब्ध गराईएका विद्यालयको प्राधानाध्यापक र विव्यस अध्यक्षबाट विद्यार्थीको सङ्ख्यात्मक विवरण प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी सङ्ख्या यकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था मिलाउने व्यवस्था छ । साथै प्रत्येक त्रैमासिकमा निकासा गर्दा उक्त समयभन्दा अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चत गर्ने व्यवस्था भएकोमा पालिकाले दिवा खाजा वापत रु ४१,०२,५६०।०० विभिन्न विद्यालयको नाममा निकासा गर्दा कार्यान्वयन पुस्तिकामा भएको व्यवस्था बमोजिम विद्यालयको प्राधानाध्यापक र विव्यस अध्यक्षबाट विद्यार्थीको सङ्ख्यात्मक विवरण प्रमाणित नगराई तथा थप निकासा दिनुभन्दा अगाडी पहिलो त्रैमासिकमा निकासा गरिएको रकम सदुपयोग भयो भएन बारे कुनै प्रतिवेदन जारी नगरी निकासा गरेको कार्य विश्वनिय नभएको हुँदा कार्यक्रम कार्यान्वयन पुस्तिकाले व्यवस्था गरेको कुराको कार्यान्वय गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्छ ।

ख) पाठ्यपुष्तक वितरण - कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.८.३ को बुँदा नं क को १ मा स्थानीय तहले IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तरगत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यालयहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको

सङ्ख्या यकिन गर्ने तथा विद्यालयलाई पाठ्यपुस्तक व्यवस्थाका लागि कक्षा ११-१२ का लागि आर्थिक वर्षको प्रथम त्रैमासिक तथा कक्षा १-१० का लागि तेस्रो त्रैमासिक भित्र अनुदान दिने व्यवस्था छ । साथै यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी सङ्ख्याको ७५ प्रतिशत लाई मात्र अनुदान दिने तथा शैक्षिक सत्रमा भएको नयाँ विद्यालय भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोश्रो पटक अनुदान दिने व्यवस्था छ । पालिकाले भौ नं ८०-२०७९।१२।३० बाट रु ९,६४,७५१।०० तथा भौ नं १३७-२०८०।३।१८ बाट रु २,१०,५५५।०० समेत रु ११,७५,३०६।०० विभिन्न ३३ विद्यालयको नाममा पठाएको छ । दोस्रो पटक निकासा गर्दा शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको भरपाईको आधारमा यकिन गरेर मात्र निकासा दिनु पर्नेमा यकिननै नगरी विभिन्न ३० विद्यालयहरुको नाममा पाठ्यपुस्तकको लागि निकासा गरिएको रु ११,७५,३०६।०० बमोजिमको पाठ्यपुस्तक खरिद गरी IEMIS प्रणालीमा व्यवस्थित विद्यार्थीहरुलाई वितरण गरे नगरेको सम्बन्धमा पालिकाबाट प्रभावकारी अनुगमन गरिनुपर्दछ

ग) छात्रवृति वितरण कार्यक्रम - कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को कृयाकलाप नं २.८.४ मा उल्लेखित आवासीय एवम् गैर आवासीय छात्रवृति प्राप्त गर्ने सङ्ख्या यकिन गरी तोकिएको दर अनुसार शीर्षक खोली स्थानीय तहमा बजेट माग गर्ने तथा छात्रवृति अनुदान प्राप्त विद्यालयको विव्यसले स्थानीय तहको निर्देशन एवम् आधारहरुलाई ध्यानमा राखी शिक्षक, शिक्षक अभिभावक सङ्घ समेतको सहभागितामा विद्यालयमा उपलब्ध अनुदान(छात्रवृति) मध्येबाट विद्यालय व्यवस्थापन समितिले थप आधारहरु तय गरी छात्रवृत्ति पाउने छात्रछात्राहरुको नामवालीसहितको विवरण अधावधिक गर्ने तथा सो नामावली विद्यालयको सूचना पाटीमा अनिवार्य रुपमा टाँस्न लगाई सोही अनुरुप छात्रवृति वितरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौ नं ८०।२०७९।१२।३० बाट रु ३,७७,२००।०० रकम छात्रवृतिका लागि ३३ विद्यालयको नाममा निकासा पठाएको रकमको सम्बन्धमा पालिकाबाट प्रभावकारी ढंगले अनुगमन गरी सम्बन्धित विद्यार्थीहरुले तोकिएको छात्रवृति पए नपाएको यकिन गर्नुपर्छ ।

सैद्धान्तिक बेरुजु

५३ **विद्यालय कर्मचारी व्यवस्थापन -** ..... ***(प्रारम्भिक प्रतिवेदन उपर नियमित भई पेश भएको आधारमा मिति २०८०-१२-६ को निर्णयबाट रु१०४,०००. /- सम्परीक्षण गरिएको /)***

५४ **शिक्षक दरबन्दी र पदपुर्ति -** शिक्षा तथा मानवश्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।०८० मा स्थानीय तहले दरबन्दी मिलानबाट कायम भएको दरबन्दी, शिक्षक अनुदान कोटा, प्राविधिक धार, प्रारम्भिक बाल विकास सहजकर्ता र विद्यालय कर्मचारी अनुदानमा कार्यरत शिक्षक, प्रशिक्षक तथा कर्मचारीको विद्यालयबाट प्राप्त मागफारम रुजुगरी निर्धारीत तलब, भत्ता, पोशाक खर्च, चाडपर्व खर्च अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाको क्षेत्रभित्र रहेका विद्यालयको दरबन्दी मिलान नगरी तलब भत्तामा अनुदान खर्च लेख्ने गरेको छ । साथै नेपाल सरकार मन्त्रिपरिषदबाट साविकमा नेपाल सरकारले जिल्लागत रुपमा उपलब्ध गराएको प्राथमिक, निम्न माध्यामिक तहका शिक्षक दरबन्दी तथा

राहतकोटालाई स्थानीय तहगत रुपमा बाँडफाँड भए बमोजिमको शिक्षक दरवन्दी तथा पदपूर्ति देहाय बमोजिम रहेको र सोही बमोजिम अनुदान निकाशा भएको छ । विद्यालयमा शिक्षक विद्यार्थी अनुपात एकीन गरी नियम बमोजिम विद्यालय व्यवस्थापन र शिक्षक दरबन्दी मिलान हुनुपर्दछ

क्र.सं.	विद्यालयको नाम	शिक्षक दरबन्दी	पदपूर्ति	पदपूर्ति मध्ये करार	विद्यार्थी संख्या
१.	मोती मा.वि.	१६	१६	८	३२०
२.	सुनखानी आ.वि.	३	३	३	४१
३.	कन्चन्जङ्घा आ.वि.	३	३	१	५९
४.	हान्द्रुङ आ.वि.	३	३	१	४८
५.	नवज्योती आ.वि.	२	२	०	३४
६.	ओझागाउँ आ.वि.	४	४	१	९०
७.	वैराखू आ.वि.	३	३	०	५१
८.	अँधेरी आ.वि.	२	१	१	१९
९.	सगरमाथा आ।वि.	३	३	०	४१
१०.	बेंशी गाउँ आ.वि.	४	४	०	१०५
११.	जनमुखी आ।वि.	१	१	०	१७
१२.	जनता आ.वि.	३	३	०	४६
१३.	चिनाबुङ आ.वि.	३	३	२	५२
१४.	शेर्पा आ.वि.	३	३	३	१२४

१५.	पद्मेश्वरी मा.वि.	१०	१०	३	२०७
१६.	सरश्वती आ.वि.	२	२	२	३८
१७	मानाभरा आ. वि.	२	२	०	४८
१८.	सिंहेश्वरी आ. वि.	६	६	३	१३७
१९.	सोनेम आ. वि.	०	०	०	३६
२०.	साँवा मा.वि.	१६	१५	४	३६७
२१.	फुङ्गफुङ्गे आ.वि.	२	२	२	६१
२२.	जनरात्री आ.वि.	३	३	१	५१
२३.	भिरगाउँ आ.वि.	२	२	१	२८
२४.	राजरश्वरी आ.वि.	३	३	१	४५
२५.	बाल्देन मा.वि.	८	८	२	२२७
२६.	तिलजुङ बा.वि.के.	०	०	०	१७
२७.	किलिङ आ।वि.	३	३	२	६५
२८.	मदन आ.वि.	२	२	२	३६
२९.	सिम्बुक आ.वि.	३	३	१	३९
३०.	खोक्लिङ सामुदायिक सिकाइ केन्द्र		०	०	

	जम्मा	११५			

सैद्धान्तिक बेरुजु

५५ **पुस्तकालय स्थापना -** पालिकाले भौ नं १३७-२०८०।३।१८ बाट बाल्देन माध्यमिक विद्यालय तथा पञ्चेश्वरी माध्यमिक विद्यालयलाई पुस्तकालय स्थापनाको लागि प्रति विद्यालय रु ३,२५,०००।०० को दरले रु ६,५०,०००।०० निकासा दिएको छ ।उक्त निकासा रकमबाट विद्यालयहरुले तोकीएबमोजिम पुस्तकालय स्थापना गरे नगरेको सम्बन्धमा पालिकाबाट अनुगमन गरी प्रतिवेदन पेश गरेको छैन ।पालिकाबाट अनुगमन गरी तोकिए बमोजिम कार्य सम्पन्न भएको अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	६,५०,०००

५६ **स्यानिटरी प्याड -** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ।पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ४११ जना रहेका छन। पालिकाले Ankur Diagnostic and Surgical Centre,Biratnagar बाट ५६९९ थान स्यानिटरी प्याड रु ४,८२,९९०।२५ (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरी मौज्दातमा राखेको देखिन्छ।खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५७ **विद्यालय अनुदान तथा शैक्षिक गुणस्तर अनुगमन -**

क) विद्यालय अनुदान निकासाको अनुगमन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२)मा सर्वमान्यतामा असर नपर्नेगरी पालिकाको काम कर्तव्य अधिकारको खण्ड (ज) (२१) मा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सो को बजेट व्यवस्थापन, विद्यालयको आयव्ययको लेखा, अनुशासन कायम र नियमन गर्नुपर्ने व्यवस्था छ ।पालिकाले अन्तरगतका आफ्नो क्षेत्रभित्रका विद्यालयहरुले विद्यालय लेखमान दिग्दर्शन बमोजिम नगदी तथा जिन्सीको लेखा राखे नराखेको, कट्टी गरेको कर , नागरिक लगानी कोष, कर्मचारी सञ्चयकोष सम्बन्धित खातामा दाखिला गरे नगरेको, र नेपाल सरकारको २०७५।३।३२ को

निर्णय बमोजिम विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी पारीश्रमिक सुविधा अनिवार्य रुपमा बैक खाता मार्फत भुक्तानी भए नभएको, विद्यालय सुधार योजना, सामाजिक परीक्षण र आर्थिक लेखापरीक्षण गरे नगरेको जस्ता विषयहरु समेतलाई ध्यान दिई विद्यालय अनुगमन मापदण्ड निर्धारण गरी विद्यालयको अनुगमन गरेको प्रतिवेदन देखिएन । साथै लेखापरीक्षण अवधिसम्म विद्यालयहरुको लेखापरीक्षण भएको देखिएन । पालिकाले उल्लेखित विषयहरुलाई समेत आधार लिई अनुगमन मापदण्ड तयार गरी नियमित अनुगमन गरिनुपर्दछ ।

ख) विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन - कार्यक्रम कार्यान्वयन पुस्तिका,२०७९।०८० मा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने र सोको कार्यान्यन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ । यस पालिकाले आ.व.२०७९।८० मा विद्यालयको शैक्षिक गुणस्तर बारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिन मापदण्ड निर्धारण गरी नियमित अनुगमन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

५८ **न्यानो झोला कार्यक्रम -** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गत ३ बर्थिङ सेन्टरसंचालनमा छन् । गत वर्ष कति सङख्यामा न्यानो झोला खरिद गरेको र सो मध्ये के कति खर्च भई कति मौज्दातमा छन् भन्ने सम्बन्धमा कार्यालयले अभिलेख अध्यवधिक गरेको देखिएन । साथै यस वर्ष भौ नं ३१-२०७९।९।१७ बाट प्रति थान रु ८८४ को दरले जम्मा २०० थान न्यानो झोला मु.अ.कर समेत रु १,९९,७८४।०० मा खरिद गरेको छ । कार्यालयले दिएको जानकारी अनुसार यो वर्ष १०५ जना प्रसुती गराएको छ । तसर्थ खर्च नभई बाँकी रहेको न्यानो झोला के कति कुन अवस्थामा छन् सो को विवरण अद्यावधिक राखेको देखिएन ।खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ

सैद्धान्तिक बेरुजु

५९ **औषधि खरिद -** पालिकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको

हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले देहाय बमोजिमका शिर्षकबाट देहायका फर्मसँग रु २४,८८,९९९।०० को औषधि तथा औषधिजन्य सामाग्री खरिद गरेको देखिन्छ । आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । त्यसैगरी औषधि दाखिला गर्दा खरिद ईकाइका पदाधिकारी एवम् विज्ञ सहितको टोलीबाट स्पेशिफिकेशन बमोजिम भए नभएको मुचुल्का खडा गर्ने गरेको समेत देखिएन । अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

भौ.नं मिति	बजेट उपशिर्षक	आपुर्तकको नाम	भुक्तानी रकम
४६।२०७९।१०।१७	सशर्त चालु	यशोदा फर्मा ट्रेडर्स विराटनगरसंग	९९८१७५।००
३००।२०८०।३।३	पालिका चालु	लक्ष्मी श्री फार्मेशी विराटनगर	९९२६३६।००
३०१।२०८०।३	पालिका चालु	अंकुर डाइगोस्टिक एण्ड सर्जिकल सेन्टर	४९८१५५।००
जम्मा			२४८८९९९।००

सैद्धान्तिक बेरुजु

६० **स्वास्थ्य स्वयंमसेविका खर्च -** स्वास्थ्य कार्यक्रम निर्देशिकामा भएको व्यवस्था बमोजिम स्वास्थ्य संस्थामा काम गर्ने महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई पोषण महाशाखामा दर्ता गराई निजको परिचय खुल्ने गरी विवरणको आधारमा वार्षिक रुपमा पोसाक तथा यातायात भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले पोषण महाशाखामा दर्ता भए नभएको यकिननै नगरी विभिन्न महिला स्वयंमसेविकालाई पोसाक तथा यातायात वापत रु १५,१०,०००।०० भुक्तानी गरेको छ । यसरी दर्ता भए नभएको यकिननै नगरी गरिएको भुक्तानीले भुक्तानी कार्यमा दोहोरोपना तथा भुक्तानी गर्न नहुनेलाई भुक्तानी हुन सक्ने सम्भावना रहेको देखिन्छ । तसर्थ पालिकाले यस तर्फ विशेष ध्यान दिनुपर्छ ।

सैद्धान्तिक बेरुजु

६१ **तलबी प्रतिवेदन -** स्वास्थ्य सेवा ऐन, २०५३ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ|पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ५ जना कर्मचारीको रू. २९,३९,४६०।०० खर्च लेखेको छ । गाउँपालिका चालुतर्फका कर्मचारीको समेत तलबी प्रतिवेदन पारित गरेको छैन । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने

भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्छ ।

सैद्धान्तिक बेरुजु

६२ **अध्यक्ष कृषि परियोजना कार्यक्रम -** पालिकाको चालु आर्थिक वर्षको स्वीकृत बजेट तथा कार्यक्रम अनुसार अध्यक्ष कृषि परियोजना कार्यक्रम अन्तर्गत रू. २०,००,०००।०० को बजेट व्यवस्था भएकोमा उक्त बजेटबाट वडा नं. २, ३, र ४ का लागि ३ सेट तोरी मिल खरिद गरी श्रीजी मेशिनरी सप्लायर्सलाई रू. ९,९९,०००।०० भुक्तानी गरेको छ । खरिद गरिएका मिल मध्ये वडा नं. २ सिर्जनशिल कृषि समूहकी कविता थापालाई १ सेट, वडा नं. ३, जानकी आमा समूहका दिल कुमार लिम्बुलाई १ सेट तथा वडा नं.४, मानाभरा टोल विकास संस्थाका दिनेश शेर्पालाई १ सेट बुझाएको भरपाई पेश गरेको छ । त्यसैगरी सोही कार्यक्रमबाट १२ वटा १ वर्षे चौरीका बाछी खरिद गरी हिमालयन पशुपालन फर्मलाई रू. ८,०४,०००।०० भुक्तानी गरेको छ । खरिद गरिएका उक्त बाछी वडा नं. ५ पापुङका १२ जना कृषकलाई १/१ वटा वितरण गरेको भरपाई पेश गरेको छ । यसरी तोरी मिल तथा चौरीका बाछीहरु वितरण गरेको भरपाई पेश गरेतापनि कुन कुन समूहलाई तोरी मिल वितरण गर्ने तथा कुन कुन कृषकलाई बाछी वितरण गर्ने भन्ने पालिकाको निर्णय नभएकोले वास्तविक रुपमा पाउनु पर्नेले पाए नपाएको यकिन गर्न नसकिएको रू.

अनियमित भएको	१८,०३,०००

६३ **तालिम तथा गोष्ठी सञ्चालन -** अर्थमन्त्रालयद्धारा जारी कार्य संचालन निर्देशिका,२०७७ को बुँदा नं ७.१.१५ मा भएको मापदण्डको आधार लिई विभिन्न तालिम तथा गोष्ठी सञ्चालन गर्नुपर्ने व्यवस्था छ ।पालिकाले विभिन्न तालिम तथा गोष्ठी संचालनको लागि निर्देशिका समेत बनाएको छ ।अर्थमन्त्रालयबाट जारी निर्देशिका र पालिकाले तयार पारेको निर्देशिका बिच फरक फरक दर भएको अवस्थामा पालिकामा संचालन हुने विभिन्न किसिमका तालिम तथा गोष्ठी आदि कार्यक्रममा कार्यसंचालन निर्देशिकाभन्दा पनि पालिकाले बनाएको निर्देशिकाको आधारमा खर्च गरेको छ । यस्तो कार्यबाट पालिकामाथि थप व्ययभार परेको छ । उस्तै प्रकृतिको कार्यक्रमको लागि तयार पारिएको निर्देशिकामा एकरुपता कायम हुनुपर्छ ।

सैद्धान्तिक बेरुजु

६४ **सामाजिक सुरक्षा -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ।कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले निम्नानुसार १ वटा बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ। लेखापरीक्षणको क्रममा सम्बन्धित बैङ्कहरुमा सामाजिक सुरक्षा भत्ता वितरणको सूचना

लिँदा बैङ्कलाई निकासा भएको रकम बैङ्कमा बाँकी रहेको देखिएन ।यसमा देखिएका व्यहोरा निम्नानुसार छन्:

६४.१ **दोहोरो नागरिकता -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले तोकिदिएको मिति भित्रै लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तथा परिचयपत्रको नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा लाभग्राहीहरुको नाम प्रविष्टी गरी अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले निम्नानुसार लाभग्राहीलाई दोहोरो नागरिकता नम्बर उल्लेख गरी सामाजिक सुरक्षा भत्ता भुक्तानी भएको देखिएकोले अन्यको पनि गाउँपालिकाले एकिन गरी बढी भुक्तानी भएको भए असूल गरी सञ्चितकोष दाखिला गर्नुपर्ने रू.

नाम	वडा नं.	ना.प्र.नं.	जन्म मिति	भुक्तानी रकम	कैफियत
दिपा लिम्बु	३	०१०१७३०३५६६	०५-११-२०५५	२५५३६	प्रथम, दोस्रो, तेस्रो र चौथो त्रैमासिकको भत्ता भुक्तानी भएको
नगिमा शेर्पा			०५-११-२०५५	२५५३६	
विष्णुमाया लिम्बु	३	०११०१६८२	२५-११-२०३२	३१९२०	प्रथम, दोस्रो, तेस्रो र चौथो त्रैमासिकको भत्ता भुक्तानी भएको
मन बहादुर लिम्बु			११-०८-२०२६	४७८८०	
नरमाया गुरुङ	२	१४४९४६७	३१-०१-२०१५	१५९६०	प्रथम र दोस्रो त्रैमासिकको भत्ता भुक्तानी भएको
मन माया गुरुङ			१५-०१-२०१९	५३२०	
हर्क माया राई	२	२३९७५५	०६-०९-१९९९	४८०००	प्रथम, दोस्रो, तेस्रो र चौथो त्रैमासिकको भत्ता भुक्तानी भएको

लक्की शेर्पा			०१-०१-१९९८	४८०००	
बेनु माया लिम्बु	४	०११०१५१४३	१५-११-२०१०	२४०००	तेस्रो र चौथो त्रैमासिकको भत्ता भुक्तानी भएको
दर्गा प्रसाद लिम्बु			२५-०६-२०४६	१०६४०	
जम्मा				२८२७९२	

असुल गर्नुपर्ने	२,८२,७९२

६४.२ **बढी भुक्तानी -**सामाजिक सुरक्षा भत्ताबापत यस गाउँपालिकाबाट ४ वटै त्रैमासिकमा वितरण गरिएको भर्पाई र पालिकाबाट पेश भएको लगतकट्टा र मृत्यु दर्ता विवरणलाई आधारमा मानी नमुना छनौट गरि परीक्षण गर्दा निम्नानुसारको लाभग्राहीलाई पाउने रकम भन्दा बढी रकम भुक्तानी दिएको देखिन आएकोले थप छानबीन गरी असुल गर्नुपर्ने देखिएको रू.

असुल गर्नुपर्ने	८०,९६६

(विस्तृत विवरण बेरुजु दफा ६४.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

६४.३ **एम.आई.एस. विवरण -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा प्रत्येक स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम आई एस लगतका आधारमा भत्ता रकम निकासा पाउने सम्बन्धमा व्यवस्था छ । पालिकाबाट प्राप्त एम.आई.एस.मूल अभिलेखको परिक्षण गर्दा लाभग्राहीहरुको विवरण पूर्ण रुपमा भरेको देखिएन । नमुना छनौट गरी परिक्षण गरिएकोमा केही लाभग्राहीको नागरिकता प्रमाण पत्र नं. दोहोरिएको वा सो भन्दा बढी रहेको, लाभग्राहीको बाबु, आमा, बाजेको नाम उल्लेख नगरेको समेत देखिएकोले मृत्यु भै सकेका सबै लाभग्राहीहरुको लगत कट्टा भए नभएको एकिन गर्न सकिएन । एम आई एस विवरण अद्यावधिक नहुँदा एकै नामथर भएको व्यक्तिलाई दोहोरो भत्ता जान सक्ने, मृत्यु भै सकेकालाई भत्ता भुक्तानी हुन सक्ने जोखिम रहेको हुँदा गाउँपालिकाले एम आई एस लगत अद्यावधिक गरेरमात्र भत्ता वितरण सम्बन्धी कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६४.४ **सामाजिक सुरक्षा भत्ता वितरण -** यस पालिकाबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राही तथा भत्ता वितरणको गत आ.व. तथा चालु आ.व.को अवस्था देहाय बमोजिम रहेको छ ।

क्र.सं.	लाभग्राही वर्ग	आ.व. २०७८।७९ को चारत्रैमासिकको औसत संख्या	आ.व. २०७९।८० को चारत्रैमासिकको औसत संख्या	भत्ता दर
१	जेष्ठनागरिक	४५६	५२४	४०००
२	जेष्ठनागरिक (एकम महिला)	७९	८०	२६६०
३	विधवा	८१	८४	२६६०
४	पूर्णअपाङ्गता (क वर्ग)	३७	३९	३९९०
५	अति अशक्तअपाङ्गता (ख वर्ग)	६९	८५	२१२८
६	बालबालिकादलित	३१	३१	५३२
जम्मा संख्या		**७५३**	**८४३**	

सैद्धान्तिक बेरुजु

६५ **ठेक्का अभिलेखः** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की रयारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राखुपर्दछ।

सैद्धान्तिक बेरुजु

६६ **वार्षिक खरिद योजना/गुरुयोजना :** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा

बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू.१३ करोड ९ लाख २८ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६७ **ठेक्का व्यवस्था** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ०।३६ देखि ३९।९५ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

सैद्धान्तिक बेरुजु

(विस्तृत विवरण बेरुजु दफा ६७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

६८ **रितपूर्वकको कर बिजक** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । रित पूर्वकको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट मु.अ.कर रू.१७,३८१।९१ समेत रू.१,३३,७०७।०० सामान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	१७,३८१

(विस्तृत विवरण बेरुजु दफा ६८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

६९ **परामर्स तथा डीपीआर खर्च -** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

क्र सं	नाम कार्यक्रमको नाम	परामर्शदाता	स्वीकृत बजेट	खर्च रकम	अध्ययनवाट निर्धारण भएका आयोजनाको लागत	कार्यान्वयन भए / नभएको (कार्यान्वयन भएको भए वजेट)
गत वर्षको						
१	खोक्लिङ पापुङ सडक डिपिआर	ड्रिम्स इन्जिनियर्स	१९९०	१९९०		कार्यन्वयन नभएको
२	हाँडिखोला पुल डीपिआर	रासी मेची इन्जिनिरयरिङ कन्सल्टेन्सी	१४८०	१४८०		नभएको
३	सडक गुरु योजना	रासी मेची इन्जिनिरयरिङ कन्सल्टेन्सी	९९०	९९०		नभएको
४	मिक्वाखोला ब्याटमिन्टन हल	रासी मेची इन्जिनिरयरिङ कन्सल्टेन्सी	४९०	४९०		नभएको
५	ठिङगुरे ताङ्बु पापुङ सडक	के.एस.एस इन्जिनिरयरिङ कन्सल्टेन्सी	९१०	९१०		नभएको
यो बर्षको						
१	DPR of Phungphunge Jharana with suspension bridge	Bric Consult Pvt.Ltd	१४९९	१४९९		नभएको

२	Bhasme khola bhanjyang irregation project					
३	Chynengmba to manedanda road					
४	Suspension Bridge DPR of Ward No. ५	Estern Engineering Consultancy	११७४	११,७४		नभएको
५	यस वर्षको जम्मा			२६७३		

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

सैद्धान्तिक बेरुजु

७० **बिल भरपाई बेगर भुक्तानी -** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिमको गो.भौ.नं. र मितिमा बिल भरपाई वेगर भुक्तानी दिएकाले सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धित व्यक्ति तथा फर्मबाट असुल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रू.

गोभौ नं मिति	**विवरण**	**रकम**
६।२०७९।९।२६	पुर्वि किरण ईलेक्ट्रोनिक्स पसल नविकरणीय उर्जा प्रविधि जडान खरिद वापत भुक्तानीमा संलग्न फाँटवारीमा बिल भरपाई तथा जडान पेश नभएको	३०००००
१८।२०७९।९।२६	पुर्वि किरण ईलेक्ट्रोनिक्स पसल स्ट्रेट लाईट खरिद वापत भुक्तानीमा संलग्न फाँटवारीमा बिल भरपाई तथा जडान पेश नभएको	१९८८९०
४।२०७९।८।२१	जनता ईलेक्ट्रोनिक्सलाई सोलार प्यानल सहित सेट खरिद वापत भुक्तानीमा संलग्न फाँटवारीमा बिल भरपाई तथा जडान पेश नभएको	४९९११०
जम्मा		९९८०००

प्रमाण पेश नगरेको	९,९८,०००

७१ **जिन्सी दाखिला -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी रकमको हकमा सोही दिनमा वा सोको भोलीपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । पालिकाले आरु ट्रेर्डस प्रा लि बाट रू.३,९७,७६०।०० को भ्याक्सिन रेफ्रिजेनेरेटर खरिद तथा जडान वापत भुक्तानी दिएको छ । लेखापरीक्षणको अवधि सम्ममा उक्त रेफ्रिजेनेरेटर जिन्सी दाखिला भएको प्रमाण नदेखिएकाले प्रमाण पेश हुनु पर्ने रू.

प्रमाण पेश नगरेको	३,९७,७६०

७२ **डि.पि.आर खर्च -** आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्य नियमाबली २०७७ को नियम ३९ (१०) मा जिम्मेवार ब्यक्तिले सरकारी रकम खर्च लेखु अघि आवश्यक बिल भरपाई वा कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था छ । पालिकाले फुङफुङ्गे झरना भष्मेखोला भन्ज्याङ्ग सिचाई योजना र च्याङनेम्बा मानेडाँडा सडकको विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर.) तयार गर्नको लागि तिन वटा कोटेशन मार्फत ब्रिक कन्सल्ट प्रालि कुपुन्डोल १० ललितपुर लाई छनौट गरी रू.१५,३२,०००।०० भुक्तानी दिएको छ । भुक्तानी संलग्न फाँटवारीमा पेश भएको कार्यक्षेत्रगत शर्त (TOR) ,सम्झौता पत्र, टिप्पणी र आदेश, कार्यदिश दिएको पत्र तथा दाखिला प्रतिवेदन समेतका कागजपत्रमा कार्यालय प्रमुखको दस्तखत भएको देखिएन । कार्यालय प्रमुखको दस्तखत तथा स्वीकृत वेगर कार्य भएको भनि भुक्तानी दिने कार्य नियमसम्मत देखिएन । यस सम्बन्धमा पालिकाले छानविन गरी वास्तविक कार्य भए नभएको एकिन गरी प्रतिवेदन सहित प्रमाण पेश गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	१५,३२,०००

७३ **मूल्य अभिवृद्धि कर कट्टी -** मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ ग अनुसार मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पाँच आयोजनाले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम रू.२,४१,६९३।०० कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रू.

प्रमाण पेश नगरेको	२,४१,६९३.२३

(विस्तृत विवरण बेरुजु दफा ७३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

७४ **सोझै खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) अनुसार सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार बीस लाख रुपौँया सम्म लागत अनुमान भएको मालसामान निर्णय कार्य वा जुनसुकै सेवा सिलबन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्न सक्ने तथा नियम ३१ मा बीस लाख रुपौँया भन्दा बढी लागत अनुमान भएको सोही बमोजिमको कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा यो ऐन र अन्तर्गत बनेका नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्राटुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । पालिकाले यस वर्ष कार्यालय संचालनका लागि खरिद गरेका कार्यालय सामान, स्टेशनरी, मसलन्द लगायतका सामान खरिद गर्दा वार्षिक खरिद योजना नबनाई पटक पटक टुक्रे खरिद गर्ने गरेको देखियो । नमूना छनोटका आधारमा परीक्षण गरिएका देहाय बमोजिमका खरिदमा ३ वटा खुला कोटेशन माग गरी सोझै खरिद गरेको देखियो । यस्तो खरिद कार्य गर्दा नियममा भएको व्यवस्था अनुसार प्रतिस्पर्धात्मक विधि अवलम्बन गर्नुपर्दछ।

भौ.नं./मिति	खरिद विवरण	आपूर्तक	भुक्तानी रकम
६६।०७९।८।२४	विभिन्न कार्यालय सामान स्टेशनरी लगायत	न्यू पाथीभरा प्रिन्टिङ प्रेस	१६६०८१
६६।०७९।८।२४	विभिन्न कार्यालय सामान स्टेशनरी लगायत	मिश्र ट्रेड कन्सर्न	२३३४१२
७६।०७९।९।१४	विभिन्न मसलन्द तथा कार्यालय सामाग्री	कुनाल स्टोर	९९४८७५
१६२।०७९।१२।७	विभिन्न मसलन्द तथा कार्यालय सामाग्री	जनसेवा अफसेट प्रेस	९९५२१९
२२३।०७९।१२।२९	साउण्ड सिस्टम लगायत खरिद		२९८७७२
२२५।०७९।१२।२९	विभिन्न मसलन्द तथा कार्यालय सामाग्री		१३०४८७
३०२।०८०।३।३	विभिन्न मसलन्द तथा कार्यालय सामाग्री	दिपेश स्टोर ताप्लेजुङ	९२२४७५
जम्मा			३७४१३२१

सैद्धान्तिक बेरुजु

७५ **वितरण भरपाई तथा निर्णय** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि आवश्यक बिल भरपाई वा कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुने नगरेको जाँच गर्नुपर्ने व्यवस्था छ ।

पालिकाले वडा नं. १ र २ को आलु बिउ खरिद तथा वितरण कार्यक्रम तथा वडा नं. २ को पशुपालन तथा कृषि कार्यक्रममा साझेदारी कार्यक्रमबाट जम्मा रू.६,९६,०००।०० को लागतमा कार्की कृषि तथा पशुपालन फर्मबाट १३९२० के.जी. आलुको बिउ खरिद गरी वितरण गरेको जनाएको छ । स्रेस्ता साथ संलग्न कागजात अनुसार समूहको ७६ जनाले १०५ केजी देखि २१५ केजी सम्म आलुको बिउ बुझेको देखिन्छ तर ती ७६ जनाले बुझेर लगेको बिउ अन्य कृषकलाई के कति वितरण गरेका हुन सो को भरपाई संलग्न छैन । त्यसैगरी प्रत्येक घरधुरीलाई समान रुपले वितरण गरिएको भन्ने जवाफ प्राप्त भए पनि सोलाई पुष्टि गर्ने वडाबाट भएको कुनै निर्णय वा पुष्ट्याई गर्ने कागजात पेश भएन । बिउ वितरण गर्ने कार्यमा किशानको लागत साझेदारी हुने गरी वितरण भएको समेत देखिएन । यसर्थ यस सम्बन्धमा पालिकाबाट अनुगमन तथा आवश्यक बिल भरपाई समेत संलग्त गरी नियमित गर्नुपर्ने रू.

अनियमित भएको	६,९६,०००

७६ **उपभोक्ता समितिबाट जटिलसंरचना निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

गोभौनं./मिति	**उपभोक्ता समितिको नाम**	**कामको विवरण**	**भुक्तानी रकम**
१७०।२०८०।३।२२	दलैचा टोल विकास संस्था	दलैचा लघु जलविद्युत निर्माण	१५०००००
	जम्मा		१५०००००

नियमावलीको व्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७७ **फरक दररेट -** सार्वजनिक खरिद नियमावलीको नियम ९७ को नियम ६ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्रावधिक मुल्यांकन, बिल भर्पाई र खर्च प्रमाणीत गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठक बाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । संझौता अनुसार उपभोक्तालाई निर्माण कार्य गरेवापत रकम भुक्तानी दिँदा पालिकाले तयार गरेको दररेट अनुसार दिनुपर्दछ । देहायका उपभोक्ता समितिहरुलाई निम्नअनुसार रकम भुक्तानी दिनुपर्नेमा तोकिएको दर विस्लेषणमा तोकिएको दर भन्दा वढी दरमा भुक्तानी दिएको देखिएकोले उपभोक्ता समितिवाट वढी भुक्तानी रकममा उपभोक्ताको अनुपातिक अंश कट्टा गरी असूल गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	९,७९०

(विस्तृत विवरण बेरुजु दफा ७७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

७८ **भैंसीको पाडा वितरण** ..... *(प्रारम्भिक प्रतिवेदन उपर नियमित भई पेश भएको आधारमा मिति* २०८०-११-२८ *को निर्णयबाट रू.* ४९९,९८७ - *सम्परीक्षण गरिएको ।*

७९ **झोलुङ्गे पुलको डी.पी.आर. -** खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनैपनि खरिदको लागि तोकिए बमोजिमको लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । डी.पी.आर. कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्सका आधारमा तयार गर्नुपर्दछ । पालिकाले वडा नं. २,३,४ र ५ का विभिन्न स्थानमा ६ वटा झोलुङ्गे पुलको डी.पी.आर. गर्न भनि रू. १२,००,०००।०० को लागत अनुमान स्वीकृत गरेको छ । तर उक्त लागत अनुमान तयारको आधार स्पस्ट नगरी एकमुस्ट रू.१२,००,०००।०० राखेको छ । त्यसै गरी डी.पी.आर. कार्यका लागि प्रस्ताव पेश गर्नेहरुबाट प्राविधिक पक्षको मूल्याङ्कन गरी बढी अंक प्राप्त गर्नेबाट छनोट गर्नुपर्नेमा प्राविधिक पक्ष मूल्याङ्कन नगरी खुल्ला आर्थिक प्रस्ताव मध्ये घटी कवोल गर्ने इस्टर्न इन्जिनियरिङ कन्सल्टेन्सीले पेश गरेको प्रस्ताव रू.११,८९,९९८।४८ स्वीकृत गरी डी.पी.आर. कार्य वापत गाउँपालिका चालु तर्फबाट रू.५,००,०००।०० तथा पुँजीगत तर्फबाट बाँकी रू.६,८९,९९८।०० भुक्तानी गरेको छ । यसरी ऐन, नियमको पूर्ण पालना नगरी गरेको डी.पी.आर. कार्य उचित र नियमसम्मत देखिदैन । यस सम्बन्धमा पालिकाका पदाधिकारी समेतको उपस्थितिमा छलफल गर्दा उक्त डी.पी.आर. कार्य बारे गा.पा. अध्यक्ष एवं उपाध्यले यो काम भएकोबारे आफुलाई जानकारी नभएको जवाफ प्राप्त भएको हुँदा यस सम्बन्धमा पालिकाबाट आवश्यक छानविन गरी प्रतिवेदन सहित नियमित गर्नुपर्दछ । यदि काम नभइ भुक्तानी भएको भए उक्त खरिद कार्यमा संलग्न कर्मचारीलाई जिम्मेवार बनाई असुल गर्नुपर्ने रू.

अनियमित भएको	११,८९,९९८

८० **वीमा -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा १० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । आयोजनाले तपशिल वमोजिमका ठेक्काहरुमा वीमा नै नगराइ निर्माण कार्य गराएको तथा पेश्की रकम उपलब्ध गराएको एवं तोकिएको समयमा नै निर्माण कार्य सम्पन्न गर्न नसेकेको कारण उक्त लगानी जोखिममा परेको देखिन्छ । यसरी वीमा नगराइ नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार वनाइ वीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ आयोजनाले ध्यान दिनुपर्दछ ।

ठेक्का नं	निर्माण व्यवसायी	सम्झौता रकम	विओक्यू मा वीमा रकम	कैफियत

MRMTT/NCB/Works no-०३/०७८/०७९	पलाञ्चोक कन्ट्रक्सन प्रा लि	२१४९४२८२।३९	२००००।००	वीमा नगरेको
MRMTT/NCB/Works no-०४/०७७/०७८	५ शैया अस्पताल निर्माण विकोई / सेवालुङ्ग / पहाडी जे भि	६६२२४१४४।६५	२००००।००	वीमा नगरेको
०१।२०७९।०८०	डी एम कन्स्ट्रक्सन ताप्लेजुङ्ग	९४३०१७२।९७	७५०००।००	वीमा नगरेको

सैद्धान्तिक बेरुजु

८१ **प्राविधिक बिल र कार्य सम्पन्न -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बराबर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बराबर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाइएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८२ **अधुरा आयोजना -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसार रू. ८,७७,१८,४२७।०४ का दुई योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ । सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहँका छन् । यस सम्बन्धमा पालिकाले जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

(विस्तृत विवरण बेरुजु दफा ८२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

८३ **ननफाईलर -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८(१) मा करदाताले प्रत्येक महिना आफुले बुझाउनुपर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको पच्चिस दिन भित्र कर विवरण पेश गर्नुपर्ने ब्यबस्था छ । कार्यालयले देहाय निर्माण आपुर्तकलाई सामान खरिद कार्यको भुक्तानी दिएकोमा पेश भएको कर बिजक PAN SEARCH गर्दा करदाता ननफाइलर देखिएको छ । तोकिएको समयमा कर बिबरण नबुझाउने करदातालाई मूल्य अभिवृद्धि कर भुक्तानी दिँदा राजश्व खातामा दाखिला नहुने हुदा मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्ने अन्यथा असूल गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	५,१७,०५९.९७

(विस्तृत विवरण बेरुजु दफा ८३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

८४ **पञ्चेश्वरी मावि भवन निर्माण -** पालिकाले यस विद्यालयको भवन निर्माण को लागत अनुमान रू.६०,८०,५७२।०० रहेकोमा सोही बराबर मुल्यमा विद्यालयसँग कार्य सम्झौता गरी कार्यसम्पन्न वापत रू.५,५००,०००।०० भुक्तानी दिएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्
(१६-२०७९-११-१४):

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्रावधिक मुल्यांकन, बिल भर्पाई र खर्च प्रमाणीत गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठक बाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । विद्यालयले पेश गरेको ठेक्का विलमा Brick Masonry in १:६ C/S mortar कार्य वापत ५२।६७ मीटर क्यूव परिमाण को रू.२३,९१३।०० दरले रू.१४,२३,१५१।३४ (मु.अ.कर सहित) भुक्तानी भएको छ । उक्त परिमाणको लागि प्राविधिक विश्लेषण अनुसार २९४०० थान ईट्टा आवश्यक पर्ने देखिन्छ । संलग्न फाँटवारीमा ताप्लेजुङ्ग हार्डवयर सेन्टर एण्ड सप्लार्यसबाट २८५०० थान ईट्टा खरिद गरी रू.९,९५,१३४।५ को विल पेश गरेकोमा बाँकी ९०० थान ईट्टा खरिद भएको नदेखिएकाले सोही अवधिमा खरिद गरेको कर विजक पेश हुनुपर्ने अन्यथा बढी नापी देखाएको ९०० गोटा ईटाको हुने १.६१ घनमिटरको प्रति घ.मि. रू.२७,०२०।१५ का दरले हुने रू.४३,५०२।०० असुल हुनुपर्ने रू.

असुल गर्नुपर्ने	४३,५०२

८५ **मानेबुङ वाग्वा पोखरी मानाभारा डाडा पदमार्ग निमार्ण -** पालिकाले रू.१५०२५४५९.९७ को लागत अनुमान तयार गरी वोलपत्र आव्हान भएकोमा डि एम कन्स्ट्रक्सन ताप्लेजुङ्गसंग मिति २०८०।३।२२ मा काम सम्पन्न गर्नेगरी रू.९४,३०,१७२।२७ को ठेक्का सम्झौता भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्
(३६-२०८०-३-२२):

अन्तिम भुक्तानी - सार्वजनिक खरिद नियमावली २०६४ को दफा १२४(१) अनुसार खरिद सम्झौता बमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्वीकार गरेपछि आपूर्तिकर्ता निर्माण व्यवसायी सेवा प्रदायक वा परामर्शदातालाई करारका शर्त बमोजिम अन्तिम भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले उक्त पदमार्ग निर्माणको कार्यसम्पन्न प्रतिवेदनमा Bio-Engineering Works chensi/Gurans कार्य वापत ८०६४ परिमाण रू.११०।०० का दरले रू. ८,८७,०४०।०० को २ फिटको दुरीमा बाटोको दुई तर्फ विरुवा रोप्ने र Bio-Engineering Works Malingo कार्य वापत ११११११ परिमाण रू. ८०।०० का दरले रू. ८,८८,८८०।०० को १.५ फिटको दुरीमा बाटोको दुई तर्फ विरुवा रोप्ने कार्य वापत जम्मा रू.१७,७५,९२०।०० भुक्तानी दिएको छ । संलग्न फाँटवारीमा उक्त विरुवा कुन नर्सरी फर्म तथा व्यक्तिबाट खरिद गरी वृक्षारोपण गरेको हो सो खुल्ने प्रमाण साथै वृक्षारोपण गरेको स्पष्ट देखिने फोटाहरु समेत पेश नभएकव हुदा उक्त कार्य भएको सुनिश्चित भएन । तसर्थ पालिकाबाट थप अनुगमन गरी प्रतिवेदन सहित वृक्षारोपण गरेको पुष्टी हुने प्रमाण पेश गर्नुपर्ने अन्यथा भुक्तानी भएको रकम असूल गरी दाखिला गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	१७,७५,९२०

८६ **साँवा मावि भवन निर्माण-**

८६.१ (९२-२०८०-२-९):सन् २०१७ देखि नेपालमा अन्तराष्ट्रिय गैह्र सरकारी संस्थाको रुपमा दर्ता भई शैक्षिक क्षेत्रको सुधारमा काम गर्दै आएको डेनिस संस्था ह्यूमन प्राक्टिस फाउण्डेसनले ताप्लेजुङ्ग जिल्लास्थित स्थानीयतहमा रहेका छनौट भएका सामुदायीक विद्यालयहरुमा भौतिक निर्माण तथा शैक्षिक सुधार कार्यक्रम सञ्चालन गर्दै आएको देखियो । विद्यालय पूर्वाधार सुविधा सिंकाई सुधार परियोजना ताप्लेजुङ्ग अन्तर्गत अन्तराष्ट्रिय गैह्र सरकारी संस्था ह्यूमन प्राक्टिस फाउण्डेसन र विद्यालय व्यवस्थापन समित/मिक्काखोला गाउँपालिका विच भएको विद्यालय सहयोग सम्वन्धी सम्झौताको परियोजना बित्त व्यावस्थापन खण्डमा यो परियोजना सहलगानीमा हुने उल्लेख छ । त्यसै गरी सहलगानीमा हुने र परियोजनामा लगानी भएको रकम खर्च गर्दा नेपाल सरकारको खरिद कानून तथा कर सम्वन्धी कानूनको पालना हुनु पर्ने व्यहोरा उल्लेख छ । उक्त व्यहोरा उल्लेख भए तापनि व्यवस्थापन समितिले निर्माण सामग्री खरिद गर्दा आपूर्तिकर्ता सुचिकृत गरी विभिन्न खरिद विधीमा तोकिएको सीमा भन्दा बढीको निर्माण सामग्रीहरु सोझै खरिद गरेको र सीमा भन्दा वढीको, भुक्तानीमा मुल्य अभिबृद्धि कर समेत पुरै दिएको तथा सो को जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयमा नदिएको पाइयो । यसबाट सरकारलाई प्राप्त हुनुपर्ने मूल्य अभिबृद्धि कर दाखिला भएकोमा यकिन हुन सकिएन । त्यसै गरी सहलगानीमा निर्माण सम्पन्न भएका विद्यालयहरुको निर्माण कार्यको एकमुष्ठ कार्यसम्पन्न प्रतिवेदन तयार नगरी सहलगानीको मात्रा अनुसार पालिकाको हिस्साको मात्र कार्यसम्पन्न प्रतिवेदन तयार गरेको देखिएकोले अन्य सहलगानी कर्ताको लगानी समेतबाट निर्माण सम्पन्न भएको निर्माण कार्यको अभिलेख समेत नरहने अवस्था देखिएकोले यस सम्वन्धमा सम्वन्धित निकायले ध्यान दिनु पर्दछ । ह्यूमन प्राक्टिस फाउण्डेसन, विद्यालय व्यवस्थापन समित र मिक्काखोला गाउँपालिका विच भएको त्रिपक्षिय सहलगानी सम्झौता अनुसार यसवर्ष पालिकावाट भएको भुक्तानीको विवरण निम्नानुसार देखियो ।

एच पि एफ साँझेदारीमा सञ्चालन भएको योजना	कुल लागत	एच पि एफको लागत	पालिकाले व्यहोर्ने रकम	पालिकाले व्यहोर्ने प्रतिशत	पालिकाबाट भुक्तानी भएको
सावाँ माध्यमिक विद्यालय	९०६५४०४.९३	५६३२२७४.८१	३४३३१३०.१२	३८.००%	३४४५८१६.००

यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

सैद्धान्तिक बेरुजु

८६.२ सार्वजनिक खरिद नियमावली २०६४ को दफा १२४(१) अनुसार खरिद सम्झौता बमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्वीकार गरेपछि आपूर्तिकर्ता निर्माण व्यवसायी सेवा प्रदायक वा परामर्शदातालाई करारका शर्त बमोजिम अन्तिम भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले कार्यसम्झौता अनुसार रू.३४,३३,१३०।१२ भुक्तानी दिनुपर्नेमा रू.३४,४५,८१६।०० भुक्तानी दिएकाले बढी भुक्तानी रकम रू.१२६८६।०० असुल गरी दाखिला गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	१२,६८६

८६.३ संलग्न फाँटवारीमा साँवा मापिले तमोर भेली कन्स्ट्रक्सन निर्माण सेवा मिक्वाखोला ४ ताप्लेजुङ्ग बाट विजक नं.०१ र ०२ बाट २०७९।१२।१८ मा सिमेन्ट ७७५ व्याग (त्रिशक्ति सिमेन्ट) रू.१४३० का दरले खरिद गरेको रू.१२,५२,३२२।५ को बिल पेश गरेको छ । उक्त सिमेन्टको दर जिल्ला दररेट रू.१,१५०।०० भन्दा बढी मिक्काखोलाको ढुवानि सहितको दर रू.१,४३०।०० राखी बिल भुक्तानी गरेकोमा पुनःसिमेन्ट फुड्लिङ्ग नपा बाट ढुवानी गरेको भनि थप ढुवानी वापत ३८।७५ टन २६४ (प्रति टन दररेट) का दरले रू. ३,७८,५१०।०० दोहोरो भुक्तानी दिएकाले वढी भुक्तानी भएको रकम असुल दाखिला गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	३,७८,५१०

८७ **म्याद थप -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मगदुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । कार्यालयले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी एक पटक

म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुनः सोही व्यहोरा दोहोरिने गरेको छ । तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार म्याद थप सम्वन्धी विवरण निम्नानुसार छ ।पालिकाले उपलव्ध गराएको विवरण अनुसार हाल चालु रहेका दुई ठेक्का सम्झौतामध्ये ठेक्काको शुरु अवधिको पचास प्रतिशत अवधि सम्म म्याद थप भएका दुई ठेक्का रहेका छन । एउटै कारण जनाई पटक पटक गरी निर्माण कार्यको शुरु सम्झौता अवधिभन्दा बढी अवधिको म्याद थप गरिएपनि कार्य सम्पन्न हुन सकेको छैन । सम्झौतामा व्यवस्था भए अनुसार कार्यतालिका बमोजिम काम सम्पन्न गराउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

(विस्तृत विवरण बेरुजु दफा ८७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

८८ **गाउँपालिका कभर्डहल निर्माण -** आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्य नियमाबली २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेखु अघि आबश्क बिल भरपाई वा कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यबस्था छ । गाउँपालिका कभर्डहल निर्माणका लागि रू.२,२२,२०,७०५।९९ लागत अनुमानको तयार गरी वोलपत्र आब्हान भएकोमा पलाञ्चोक कन्स्ट्रक्सन प्रा.लि सँग २०८०।३।३१ मा कार्यसम्पन्न गर्ने गरी रू.२,१४,९४,२८२।३९ ठेक्का सम्झौता गरेको छ । यस सम्बन्धि देखिएका व्यहोरा देहाय बमोजिम छन्:

८८.१ गाउँपालिका कभर्डहल निर्माण कार्यका लागि हालसम्म रू.१,८६,२१,६०५।५५ भुक्तानी भएको छ । २०८०।३।३१ मा कार्यसम्पन्न गर्ने गरी पलाञ्चोक कन्स्ट्रक्सन प्रा.लि सँग ठेक्का सम्झौता भएकोमा समय भित्र कार्यसम्पन्न नभएकोले २०८०।३।१० मा १ महिना म्याद थप गरेकोमा लेखापरीक्षणको अवधि सम्म पनि कार्यसम्पन्न भएको देखिएन । ढिला गरी कार्य गर्नेलाई पूर्वनिर्धारित क्षतिपुर्ति लगाई काम सम्पन्न गराउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

८८.२ पहिलो रनिङ्ग विल वापत रू. ७३,४९,४७२।५५ र दोश्रो रनिङ्ग विल वापत रू.९४,७२,१३३।०० भुक्तानी भएकोमा हाल सम्मको भुक्तानी रू.१,६८,२१,६०५।५५ हुनुपर्नेमा संलग्न फाँटवारीको प्राविधिक विलमा रू.१,६५,९४,७३१।८६ मात्र भएको देखिएकाले रू.२,२६,८७३।६९ को रकम फरक परेको देखिन्छ । यसले गर्दा अन्तिम भुक्तानीमा दोहोरो भुक्तानी हुने सम्भावना देखिएकाले यस सम्बन्धि एकिन गरी प्रमाण पेश गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	२,२६,८७३.६९

८९ **ईन्टरनेट जडान -** मिक्काखोला गाउँपालिकाको इन्टरनेट जडान विस्तार कार्यक्रम बमोजिम गाउँपालिकाको केन्द्र थलङबाट वडा नं ५ पापुङ कार्यालयमा फाईवर ईन्टरनेट सेवा जडान कार्यका लागि सेवारो नेटवर्क प्रालि ताप्लेजुङ्गलाई ईन्टरनेट सेवा विस्तार वापत सोझै खरिद गरि दुई वटा भौचर मार्फत रू.२०,००,०००।०० भुक्तानी दिएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्:

८९.१ (७-२०७९-८-१६) - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ को उपनियम १(ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी एउटै फर्मवाट रू.१० लाख सीमा भन्दा वढीको काम सिधै गराउन नसकिने उल्लेख छ । पालिकाले ईन्टरनेट जडान वापत तीन वटा कोटेशन माग गरी सेवारो नेटवर्क ताप्लेजुङसँग सोझै खरिद गर्ने सम्झौता गरि रू.१५,००,०००।०० भुक्तानी गरेको छ । यसरी नियम विपरित सम्झौता गरी भुक्तानी दिएको नियमसम्मत नदेखिएको रू.

अनियमित भएको	१५,००,०००

८९.२ **सम्झौता विपरित भुक्तानी -** सेवारो नेटवर्क ताप्लेजुङसँग सेवा खरिद गर्ने २०७९ मंसिर ११ को सम्झौता पत्र को २ नं. बुदामा स्वीकृत लागत अनुमान रू. ५०,९०,६५०।०० मध्ये रू.१५,००,०००।०० गाउँपालिकाले अनुदानको रुपमा उपलब्ध गराउनेछ भने बाँकी रकम दोश्रो पक्ष (सेवारो नेटवर्क) ले नै व्यहोर्नुपर्नेछ भन्ने उल्लेख छ । सम्झौता वेगर रू. ५,००,०००।०० वढी भुक्तानी दिएकाले उक्त रकम सम्बन्धित बाट असुल गरी दाखिला गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	५,००,०००

९० **कार्यसम्पादन जमानत -** ..... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति* **२०८०-१२-१७** *को निर्णयबाट रू.* **४,२७०,०००** */- सम्परीक्षण गरिएको ।)*

९१ **डि.पि.आर. खर्च -** आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि आवश्यक बिल भरपाई वा कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले ठाक्तोन फिनासा जिन्दाक छवोसाङ गुम्वा मिक्काखोला वडा नं ४ साँवाको विस्तृत परियोजना प्रस्ताव (डि.पि.आर.) कार्य वापत तिन वटा कोटेशन मार्फत एलिशा ईन्जिनिरिङ्ग वर्कसप एण्ड कन्सल्टेन्सी सभिर्सेज प्रा.लि. लाई छनौट गरी रू. ८,७६,०००।०० भुक्तानी गरेको छ । यस्तो अध्ययन कार्य गराउँदा

लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । यस प्रतिवेदनले माथि उल्लेखित कार्यको लागि रू. २२,४८,२३,८३४।०० लागत लाग्ने पेश गरेको छ । बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्नेमा यसरी गरेको कार्य औचित्यपूर्ण नदेखिएको रू.

अनियमित भएको	८,७६,०००

९२ **खर्च पुष्टयाइ नभएको -** आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्य नियमाबली २०७७ को नियम ३९ (१०) मा जिम्मेवार ब्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि आबश्क बिल भरपाई वा कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था छ । लेखापरीक्षणका लागि छनौट गरिएको तपसिल बमोजिमका निर्माण व्यवसायी तथा उपभोक्ता समितिलाई पालिकाले देहाय रकम खर्च गर्दा देहायबमोजिम निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदन तथा नापी किताब प्राविधिक विल संलग्न नगरी भुक्तानी गरिएको देखिएकोले नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रू.

(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-१७ को निर्णयबाट रु ३,३३६,७४१ /- सम्परीक्षण गरिएको ।)

प्रमाण पेश नगरेको	९,२०,९२७

(विस्तृत विवरण बेरुजु दफा ९२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

९३ **पेश्की दिँदा जमानत लिनु पर्ने -** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५२क (१) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता पश्चात् आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवाप्रदायकबाट अग्रिम बैङ्क जमानत लिई खरिद सम्झौता रकमको बीस प्रतिशतमा नबढ्ने गरी पेश्की दिन सक्ने व्यवस्था गरेको छ । पालिकाले गाउँपालिकाको प्रशासकिय भवन निर्माणका लागि २०७९।२।९मा आशिष स्वामिनारायण योगेश्वर जे.भि निर्माण सेवालाई मुल्य अभिबृद्धि कर सहित रू.९,३९,८३,७०३।१९ मा सम्झौता गरी पेश्की उपलब्ध गराएको विवरण पेश गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्:

९३.१ हाल सम्म यस निर्माण सेवालाई रू.२,२०,००,०००।००(पेश्की बाहेक) भुक्तानी भएको छ । भुक्तानीमा पेश्की रकम प्रत्येक बिलबाट नियमानुसारको प्रतिशतको हिसाबले कट्टा गर्नुपर्नेमा कट्टा गरेको पाइएन । कट्टा गर्दै जानु पर्दछ ।

सैद्धान्तिक बेरुजु

९३.२ गत आर्थिक वर्ष २०७८।०७९ को यस गाउँपालिकाको महालेखापरीक्षकको वार्षिक प्रतिवेदनको दफा ५४ मा पेश्की रकमलाई बजेट खर्च लेखिएको भनि बेरुजु औल्याएको छ । उक्त वेरुजु दफामा उल्लेखित गो.भौ.नं. र मिति (११८।२०७९।२।२८) मा खर्च लेखेको देखिन्छ । सोही वेरुजुलाई आधार बनाई पालिकाले यस आर्थिक वर्ष २०७९।०८० को २०८०।१।२० मा ११ महिना पछि उक्त खर्चलाई पेश्की जनाएको छ । यसरी गरेको कार्य नियमसम्मत देखिएन ।

सैद्धान्तिक बेरुजु

९३.३ ✍ *.....(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति* **२०८०-१२-१७** *को निर्णयबाट* ***रू.*** **९,४००,०००** ***।- सम्परीक्षण गरिएको ।)***

९४ **मूल्य अभिवृद्धि कर कट्टी -** मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ ग अनुसार मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाको आयोजनाले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम रु १,१०,८३४।०० कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ ।

गोभौनं./मिति	भुक्तानी पाउनेको नाम	प्यान नं.	भुक्तानी रकम	मू.अ.कर रकम	३० प्रतिशत रकम
२२३।०७९।१२।२९	प्यारागन आइटी सोलुसन (विजक नं. २७६)	६०१६२८४६९	२९८७७२	३४३७२	१०३१२
३७६।०७९।९।२५	कुनाल स्टोर (विजक नं.३८९)	३०१८८४५०४५	९९४८७५	११४४५५	३४३३६
१६२।०७९।१२।२७	जनसेवा अफसेट प्रेस (विजक नं. ३० देखि ३३)	६००१३४१६३	९९५२१९	११४४९४	३४३४८
३०२।०८०।३।३	दिपेस स्टोर्स ताप्लेजुङ (विजक नं. २४८, २४९)	६००८४०००४	९२२४७५	१०६१२५	३१८३८
जम्मा					**११०८३४**

कर समायोजन प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गरी दाखिला गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	१,१०,८३४

९५ **गाउँपालिका प्रशासकिय भवन निर्माण -** गाउँपालिकाको प्रशासकिय भवन निर्माण कार्यका लागि आशिष स्वामिनारायण योगेश्वर जेभी संग २०८२।२।८ मा काम सम्पन्न गर्नेगरी आर्थिक वर्ष २०७८।०७९ मा

रू. ९,३९,८३,७०३।१९ को सम्झौता भएकोमा हाल सम्म रू.२,२०,००,०००।०० भुक्तानी दिएको छ । यस सम्बन्धमा देखिएको व्यहोरा देहाय बमोजिम छन्:

(२-२०८०-१-२०):आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्य नियमाबली २०७७ को नियम ३९ (१०) मा जिम्मेवार ब्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि आवश्यक बिल भरपाई वा कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था छ । पालिकाले यस भवन निर्माणको पहिलो रनिङ्ग ठेक्का विलमा उल्लेखित Formwork कार्यको Column ४८.७८ परिमाणमा दररेट रू.९०० ले रू. ४३,८९८।४० तथा Beams ३४५।१८ परिमाणमा दररेट रू.१५०० ले रू. ५,१७,७७०।०० समेत जम्मा रू. ५,६१,६६८।४० भुक्तानी दिएको छ । यसमा प्राविधिक नापी किताबबाट भुक्तानी दिन मिल्ने Beams कार्यको १७७।७२३ मात्र देखिन्छ । Beams कार्यको नापी किताव भन्दा बढी १६७।४५७ परिमाण को रू.१,५००।०० का दरले बढी रू.२,८३,८३९।६१ (मु.अ.कर सहित) भुक्तानी भएकोले असुल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	२,८३,८३९.६१

९६ **भेरीएशन -**

९६.१ सार्वजनिक खरिद नियमावली २०६३ को दफा ११८ अनुसार खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भई ऐनको दफा ५४ बमोजिमम सार्वजनिक निकायले भेरीएशन आदेश जारी गर्नु पर्ने भएमा यस नियमावली बमोजिमको प्रक्रिया पूरा गरी जारी गर्नु पर्नेछ ।पालिकाले लिवाङ्ग स्वास्थ्य चौकीको भवन निर्माण कार्यको सुनकोशी निर्माण सेवा प्रालिलाई भेरिएशन वापत रु१००२०१९.१४ भुक्तानी दिएको छ । भुलवश भवनको झ्यालमा ग्रिल र सिशा आईटम र भवनको टपमा पाराफिटवालको आईटम छुटेको कारण देखाई २०७९।११।१० को कार्यपालिकाको निर्णय अनुसार नियम विपरित भेरिएशन गरी भुक्तानी दिएको छ । पूर्वानुमान गर्न सकिने कार्य भेरिएसन गर्नु उचित देखिएन । तसर्थ यस्ता आईटमहरु शुरु ठेक्का गर्दा नै समावेश गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

(विस्तृत विवरण बेरुजु दफा ९६.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

९६.२ **बढी भुक्तानी -** पालिकाले लिवाङ्ग स्वास्थ्य चौकीको भवन निर्माण कार्यको सुनकोशी निर्माण सेवा प्रालि सँग भएको ठेक्का सम्झौता रू.१,२२,६१,४८५।३४ र भेरीएसन रू.१०,०२,०१९।१४ गरी जम्मा रू.१,३२,६३,५०४।४८ भुक्तानी दिनुपर्नेमा रू.१,३३,२७,९३०।०० भुक्तानी दिएकाले बढी भुक्तानी गरेको रकम असुल गरी दाखिला गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	६४,४२५.५२

९७ **प्रोभिजनल सम -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३(२) मा रनिङ बिल वा अन्य कुनै बिल बीजकको भुक्तानी लिनको लागि आपूर्तिकर्ता, निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिम आवश्यक पर्ने कागजात तथा बिल भर्पाइ पेस गर्नुपर्ने उल्लेख छ। पालिकाले भुक्तानी गरेको प्रोभिजनल सम को विमा ल्याव टेस्ट लगायत विभिन्न आईटम वापतको रकम निर्माण व्यवसायी लाई रनिङ बिल तथा अन्तिम बिल भुक्तानी गर्दा प्रोभिजनल समबाट बिल बिजक बेगर भुक्तानी दिएकोले बिल विजक तथा प्रमाण पेश गर्नुपर्ने अन्यथा उक्त रकम असुल गर्नुपर्ने रू.

गोभौनं मिति	**निर्माण व्यवसायी**	**कार्य विवरण**	**प्रोभिजनल सम रकम**
३६।२०८०।३।२२	डि एस कन्स्ट्रक्सन ताप्लेजुङ्ग	मानेबुङ वाग्वा पोखरी मानाभारा डाडा पदमार्ग निमार्णको विमा रकम भुक्तानी	१०५०००
३८।२०८०।३।२२	सुनकोशी निर्माण सेवा प्रालि	लिवाङ स्वास्थ्य चौकी भवन निर्माणको ल्याव टेष्ट रकम भुक्तानी	३८०००
जम्मा			**१४३०००**

प्रमाण पेश नगरेको	१,४३,०००

९८ **कार्य सम्पन्न प्रतिवेदन -** ✒ ..... ***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-१७ को निर्णयबाट रु ५५,००,०००. /- सम्परीक्षण गरिएको ।)***

९९ **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च -** पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रू.६,३४,१६५।०० भुक्तानी दिएको पाइयो ।

गोभौ नं र मिति	**भुक्तानी पाउने संस्थाको नाम**	**प्रयोजन**	**रकम**
९।२०७९।८।२३		आलुको विउ खरिद वापत भुक्तानी	१४००००
५१।२०७९।११।१६	मानाभरा टोल विकास संस्था	ल्होसार खर्च वापत भुक्तानी	९६१६५
९६।२०८०।२।११	फुङ्फुङ् टोल विकास संस्था	सरसफाई खर्च भुक्तानी	५००००
१८६।२०८०।३।२४	राम कुमार कार्की	योजना शाखा तालिम खर्च भुक्तानी	३४८०००
	जम्मा		६३४१६५

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१०० **सहकारी नियमन -** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १२ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

संपरीक्षणबाट थप भएको बेरूजू

क्र.सं.	बेरुजुको विवरण	रकम
१	प्रदेश लोकसेवा आयोग प्रदेश नं. १ विराटनगर, नेपालको चं.नं. ५७५ मिति २०७९।८।२१ को महालेखा परीक्षकको कार्यालय, काठमाडौँलाई समेत बोधार्थ दिई निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा मिक्वा गाउँपालिकाको कार्यालय ताप्लेजुङलाई लेखेको पत्रानुसार का.स. पदमा कार्यरत मान बहादुर पालुङवालाई प्रशासन सहायक चौथो तहमा जेष्ठता तथा कार्यसम्पादन मूल्याङ्कनका आधारमा बढुवा गरिएको सन्दर्भमा प्रदेश लोक सेवा आयोगको परामर्श बिना मिक्वाखोला गाउँपालिकाको मिति २०७७।५।२६ को बैठकको निर्णय नं. १ अनुसार भएको उल्लेखित बढुवा सम्बन्धी सम्पूर्ण कार्य वदर गर्ने निर्णय भएको र उक्त निर्णय कार्यान्वयन गर्न पत्राचार भएको देखिन्छ । तर गाउँपालिकाले प्रदेश लोक सेवा आयोगको उक्त बदर गर्ने निर्णयलाई कार्यान्वयन नगरी निज मान बहादुर पालुङबालाई सहायक चौथो तहकै रुपमा तलब भत्ता भुक्तानी गरेको छ । यस वर्ष पालिकाले निजलाई सहायक चौथो तहले पाउने रू. ५१४७६३.५६ (विभिन्न कट्टी पछी) भुक्तानी गरेको छ । निज तल्लो पद अर्थात का.स. चौथो पदमा रहँदा निजले यस वर्ष रू. ४७१५८४।५२ (विभिन्न कट्टी पछी) मात्र पाउनेमा बढी भुक्तानी गरेको रू. ४३१७९।०० लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन पठाए पश्चात असुल गरी दाखिला गरेको छ । पालिकाले प्रदेश लोकसेवा कार्यालयको उक्त परिपत्रको	0.00

क्र.सं.	बेरुजुको विवरण	रकम
	कार्यान्वयन गरी विगतमा बढी भुक्तानी भएको भए उक्त रकम समेत गणना गरी असुल गर्नुपर्दछ ।	
२	आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्य नियमाबली २०७७ को नियम ३९ (१०) मा जिम्मेवार ब्यक्तिले सरकारी रकम खर्च लेख्रु अघि आबश्क बिल भरपाई वा कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था छ । लेखापरीक्षणका लागि छनौट गरिएको तपसिल बमोजिमका निर्माण व्यवसायी तथा उपभोक्ता समितिलाई पालिकाले देहाय रकम खर्च गर्दा देहायबमोजिम निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदन तथा नापी किताब प्राविधिक विल संलग्न नगरी भुक्तानी गरिएको देखिएकोले नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रू.३३३६७४१।०० मा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन पठाए पश्चात रू.३२९७१०४।३८ को कार्यसम्पन्न तथा नापी पेश भै आएकाले कार्यसम्पन्न तथा नापी भन्दा बढी भुक्तानी भएको रू.३९६३६।३८ असुल गरी दाखिला गर्नुपर्ने रू.	39636.38

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान - मिक्वाखोला गाउँपालिका, ताप्लेजुङ , मिक्वाखोला गाउँपालिका , ताप्लेजुङ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	ललित नारायण यादव	२०७९-५-२७	२०८०-५-१६
कार्यालय प्रमुख	अर्जुनदेव योङ्घा	२०८०-५-१७	हाल सम्म कार्यरत
लेखा प्रमुख	प्रशान्त खतिवडा	२०७६-९-३	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरणः

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२,२९५,२२४.६३	१०,३४१,८४२.३४	३२,२६८,८३९.८९	०	०	१५३,०००
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रू.	४५,०५८,९०६.८६
				प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रू.	२३,७६१,०९९
				संपरीक्षणबाट थप भएको बेरुजू रू.	३९,६३६.३८

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रू.	२१,३३७,४४४.२४

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१००९७०३१९	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	२३८६५१२२३	चालु खर्च	१८४६३४३८३.६५
प्रदेश सरकारबाट अनुदान	१६०२११३३	पूँजीगत खर्च	१३०९२८५६५
राजश्व बाँडफाँट	६६४४७४४६.८४	वित्तीय/अन्य व्यवस्था	१३८१६२५०९
आन्तरिक आय	४७१७३९८.०		
अन्य आय	८२२२०१३३.६४		
कुल आय	४०८०५७३३४.४८	कुल खर्च	४५३७२५४५७.६५
बाँकी मौज्दात		५५३०२१९५.८३	

बेरुजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची -३

विवरण	टिप्पणी	यस वर्ष रू.				गतवर्ष रू.		
		बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		३८१४११०००.	३३५५४८०५३.०४		३३५५४८०५३.०४	३३२२४६०९७.		३३२२४६०९७.
क. प्राप्ति (संचितकोषमा		३८१४११०००.	३२९२३७२०१.०४	०	३२९२३७२०१.०४	३३२१३७०९७.	०	३३२१३७०९७.

आम्दानी बाँधिने)								
११००० कर	११	७५८५७०००.	७११६४८४४.८४	०	७११६४८४४.८४	५६८६७०९७.	०	५६८६७०९७.
१३००० अनुदान		२८८५५४०००.	२५४६७२३५६.२	०	२५४६७२३५६.२	२७५२७००००.	०	२७५२७००००.
संघीय सरकार	१२	२७१५०९०००.	२३८६५१२२३.२	०	२३८६५१२२३.२	२५७४६९०००.	०	२५७४६९०००.
प्रदेश सरकार	१२	१७०४५०००.	१६०२११३३.	०	१६०२११३३.	१७८०१०००.	०	१७८०१०००.
१५००० विविध प्राप्ति		३००००.	३४००००.	०	३४००००.	०	०	०
३२००० वित्तीय सम्पत्ति		१६७००००.	०	०	०	०	०	०
ख. अन्य प्राप्ति			६३१०८५२.		६३१०८५२.	१०९०००.		१०९०००.
वितरण गर्न बाकी राजस्व		०	०	०	०	०	०	०
कोषहरु		०	०	०	०	०	०	०
धरौटी		०	६३१०८५२.	०	६३१०८५२.	१०९०००.	०	१०९०००.
संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	०	०	०
भुक्तानी (ग+घ)		३८१४११०००.	३१६५८९७१२.६५		३१६५८९७१२.६५	२४७४००६०३.		२४७४००६०३.
ग. भुक्तानी (सञ्चित कोषबाट)		३८१४११०००.	३१५५६२९४८.६५		३१५५६२९४८.६५	२४६६१०५२९.		२४६६१०५२९.

२१००० पारिश्रमिक / सुविधा	१८	१२९२५२०००.	१०६६५४४४०.४	०	१०६६५४४४०.४	९५७२९५५०.	०	९५७२९५५०.
२२००० मालसामान तथा सेवाको उपयोग	१८	९०७१९०००.	६९५४०७०८.२५	०	६९५४०७०८.२५	६६१०२६७६.	०	६६१०२६७६.
२५००० सहायता (Subsidy)	१८	६५२९०००.	५२३३५७८.	०	५२३३५७८.	२९९९००.	०	२९९९००.
२७००० सामाजिक सुरक्षा	१८	३०९१०००.	२३८५६५३.	०	२३८५६५३.	७८२४१६८.	०	७८२४१६८.
२८००० अन्य खर्च	१८	२२०००००	८२०००४.	०	८२०००४.	५०७०००.	०	५०७०००.
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	१४९६२००००	१३०९२८५६५.	०	१३०९२८५६५.	७६१४७२३५.	०	७६१४७२३५.
घ. अन्य भूक्तानी			१०२६७६४.		१०२६७६४.	२४७४००६०३.		२४७४००६०३.
कोषहरु		०	०	०	०	०	०	०
धरौटी		०	१०२६७६४.	०	१०२६७६४.	७९००७४.	०	७९००७४.
संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	०	०	०

ङ. यो वर्षको बचत (न्युन)			१८९५८३४०.३९		१८९५८३४०.३९	८४८४५४९४.		८४८४५४९४.
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			१८३२७५९७.१		१८३२७५९७.१	४९४५८३५.		४९४५८३५.
वर्षान्तको बाकी रकम (ङ + च)			३७२८५९३७.४९		३७२८५९३७.४९	८९७९१३२९.		८९७९१३२९.
बैंक तथा नगद बाकी	२४		३७२८५९३७.४९		३७२८५९३७.४९	८९७९१३२९.		८९७९१३२९.

बेरुजु दफा १७ सँग सम्बन्धित विवरण - अनुसूची -४

सम्पत्ति	प्राप्त मिति	संख्या	खरिद/प्राप्ति मूल्य	कैफियत
घर जग्गा क्षेत्रफल र संख्या सहित	विभिन्न मितिमा	१४ रोपनी २ आना जम्मा ३ कित्ता	निशुल्क	घर निर्माणाधिन
सवारी साधन (रू.१ लाखभन्दा बढी)	विभिन्न मितिमा	१९	१,२९,०४,५९९	
उपकरण (रू.१ लाखभन्दा बढी)	आ.ब. ७७/७८	१	३४,८०,०००	
बेचल्तीमा रहेको प्रमुख उपकरण तथा सवारी साधन	०	०	०	
अतिक्रमणमा परेको जग्गा	०	०	०	
अतिक्रमण हटाउन गरेको प्रयास	०	०	०	

बेरुजु दफा ५३ सँग सम्बन्धित विवरण - अनुसूची -५

..... (प्रारम्भिक प्रतिवेदन उपर नियमित भई पेश भएको आधारमा मिति २०८०-१२-६ को निर्णयबाट रु१०४,०००. /- सम्परीक्षण गरिएको /)

बेरुजु दफा ६४.२ सँग सम्बन्धित विवरण - अनुसूची -६

वडा नं	लाभग्राहीको नाम	समुह	ना प्र नं	पाउने	दिएको	बढी	कैफियत
१	भक्त बहादुर थापा	जेष्ठ नागरिक ६८ माथि	१२८९२०९	३३२००	४८०००	१४८००	मिति २०७९।१२।०९ मा मृत्यु भएकोमा पुरै त्रैमासिकको भत्ता निकासा
१	दिल प्रसाद घिमिरे	जेष्ठ नागरिक ६८ माथि	३८७४६३२४०	१९०६७	२८०००	८९३३	मिति २०७९।०९।२३ मा मृत्यु भएकोमा चोथो त्रैमासिकसम्म भत्ता निकासा
१	टेक बहादुर अधिकारी	जेष्ठ नागरिक ६८ माथि	४९४९।६७२	१७४६६	४८०००	३०५३४	मिति २०७९।०८।११ मा मृत्यु भएकोमा पहिलो, दोस्रो, तेस्रो र चौथो त्रैमासिकको पुरै भत्ता निकासा
१	धन माया कामी	जेष्ठ नागरिक अन्य	०११०१७२६६	९२२१	३१९२०	२२६९९	मिति २०७९।५।१४ मा बसाई सरी गएकोमा पुरै त्रैमासिकको भत्ता निकासा
१	फिपरानी लिम्बु	जेष्ठ नागरिक ६८ माथि	१२५८०३०५३	४४०००	४८०००	४०००	मिति २०८०।०२।३२ मा बसाई सरी गएकोमा पुरै त्रैमासिकको भत्ता निकासा
जम्मा						८०९६६	

बेरुजु दफा ६७ सँग सम्बन्धित विवरण - अनुसूची -७

क्र.सं.	योजनाको विवरण	ठेक्का नं.	बोलपत्रदाता	लागत अनुमान	सम्झौता रकम	घटी प्रतिशत
१	५ शैया अस्पताल निर्माण	०७७/७८-४	विकोई सेवालुङ पहाडी जेभी, ताप्लेजुङ	९८८१५	६६२२४	३३
२	२ नं. वडा कार्यालय भवन निर्माण	०७८/७९-१	एन.एस. कन्स्ट्रक्सन, ताप्लेजुङ	१८४८८	१११०१	४०
३	कवर्डहाल सामुदायिक भवन निर्माण	०७८/७९-३	पलाञ्चोक कन्ट्रक्सन प्रा.लि. धुलिखेल	२२२००	२१४९४	३
४	गाउँपालिका मानेवुङ वाग्वा पोखरी मानाभरा फुटट्रेल निमान	०७९/८०-१	डिएम कन्स्ट्रक्सन, ताप्लेजुङ	१५०२५	९४३०	३७

५	५ शैया अस्पताल निर्माण	०७७/७८-४	विकोई सेवालुङ पहाडी जेभी, ताप्लेजुङ	९८८१५	६६२२४	३३
६	२ नं. वडा कार्यालय भवन निर्माण	०७८/७९-१	एन.एस. कन्स्ट्रक्सन, ताप्लेजुङ	१८४८८	१११०१	४०
७	कवर्डहाल सामुदायिक भवन निर्माण	०७८/७९-३	पलाञ्चोक कन्ट्रक्सन प्रा.लि. धुलिखेल	२२२००	२१४९४	३
८	गाउँपालिका मानेवुङ वाग्वा पोखरी मानाभरा फुटट्रेल निमान	०७९/८०-१	डिएम कन्स्ट्रक्सन, ताप्लेजुङ	१५०२५	९४३०	३७
९	पापुङ वडा कार्यालय मोटर बाटो निर्माण	०७९/८०-१	एन.एस. कन्स्ट्रक्सन, ताप्लेजुङ	२०००	१९७८	१
१०	ताङखु गैरी गाउँ मोटर बाटो निर्माण	०७९/८०-२	एन.एस. कन्स्ट्रक्सन, ताप्लेजुङ	२०००	११०४	४५
११	मिक्लादेन मोटर बाटो निर्माण	०७९/८०-३	एन.एस. कन्स्ट्रक्सन, ताप्लेजुङ	२०००	१२०३	४०
१२	गाउँपालिका क्षेत्र पुर्वाधार विकास	०७९/८०-४	तमोर भेल्ली कन्स्ट्रक्सन, ताप्लेजुङ	१५४९	१५४२	०
१३	थुम्बाखोला सुव्बाटो मोटरबाटो निर्माण	०७९/८०-०६	केसी कन्स्ट्रक्सन, ताप्लेजुङ	१२२०	१२०८	१
१४	सर्जा शेर्पाटोल मोटर बाटो निर्माण	०७९/८०-०७	पाङवोहाङ निर्माण सेवा, ताप्लेजुङ	१०९८	१०९४	०

बेरुजु दफा ६८ सँग सम्बन्धित विवरण - अनुसूची -८

गोभौनं./मिति	भुक्तानी पाउनेको नाम	प्यान नं.	कर विजकको अवस्था	भुक्तानी रकम	मुअकर कर रकम
१६४।२०८०।३।२१	पाथीभारा हार्डवयर सेन्टर	६०१४३३४३२	फोटोकपि विजक पेश	१३३७०७	१७३८१.९१
	जम्मा			१३३७०७	१७३८१.९१

बेरुजु दफा ७३ सँग सम्बन्धित विवरण - अनुसूची -९

गोभौनं./मिति	भुक्तानी पाउनेको नाम	प्यान नं.	भुक्तानी रकम	मुअकर कर रकम	३० प्रतिशत रकम
१२।२०७९।९।११	माँ दुर्गा कंक्रिट उद्योग प्रा.लि कन्काई झापा	३०५०२४२४०	९२०९२७	१०५९४७	३१७४८

२२।२०७९।१०।१७	तिरुपति अटो सिटि	३०२५६५७४६	१४१०४००	१६२२५६	४८६७६।८
७९।२०७९।१२।३०	असाईन अटो प्रा.लि	६०९७८५७३५	१८०००००	२०७०७९.६४	६२१२३।८३
२२।२०७९।१०।१२	प्रकृति सप्लार्यस एण्ड ट्रेर्डस	६१८४९६५७८	५९६६७५	६८७५७	२०६२७.१
७।२०७९।८।१६	सेवारो नेटवर्क	६१०३९६३१७	१५०००००	१७३८७५	५२१६२।५
७४।२०७९।१२।२६	सेवारो नेटवर्क	६१०३९६३१७	५०००००	५७८५०	२६३५५
			जम्मा	७७५७६५	२४१६९३

बेरुजु दफा ७७ सँग सम्बन्धित विवरण - अनुसूची -१०

भौ.न.मिति	उपभोक्ताको नाम	कामको विवरण	परिमाण	भुक्तानी दर	कायम दर	बढी दर	बढी भुक्तानी
१३८।२०८०।३।८	थलङ टोल विकास संस्था	Packing and filling of gobion crates with rubble stones	८९ घ.मी.	३३७४	३२६४	११०	९७९०
						जम्मा	९७९०

बेरुजु दफा ८२ सँग सम्बन्धित विवरण - अनुसूची -११

ठेक्का नं	निर्माण व्यसायी वा उपभोक्ता समितिको नाम	सम्झौता रकम	सम्झौता मिति	पटक पटक म्याद थप	कैफियत
MRMTT/NCB/WORKS/NO-३/२०७८/०७९	पलाञ्चोक कन्स्ट्रक्सन प्रा.लि	२१४९४२८२.३९	२०७९।५।६	१ पटक म्याद थप	कार्यसम्पन्न नभएको
२०७७/०७८-४	विकोई सेवालुङ पहाडी जेभी, ताप्लेजुङ	६६२२४१४४.६५	२०७८।३।३०	२ पटक म्याद थप	कार्यसम्पन्न नभएको
जम्मा		८७७१८४२७.०४			

बेरुजु दफा ८३ सँग सम्बन्धित विवरण - अनुसूची -१२

भौ नं मिति	आपुर्तक	मु अ कर नं	विजक नं मिति	मु अ कर	नन्नफाईलर
६१।२०७९।११।३०	पहाडी निर्माण सेवा	३०५०२३८३२	०५।२०७९।११।७	९०५४५.३९	२०७९ एम १०
१४२।२०८०।३।१४	साँवा कन्स्ट्रक्सन	६०७६५६४८६	०३।२०८०।३।१४	३४०८५.३८	२०७९ एम १०
१७३।२०८०।३।२२	पाङवोहाङ निर्माण सेवा	६१७०२३७६६	०१।२०८०।३।२२	१२६४१८.७६	२०७९ एम १०
१७२।२०८०।३।२२	पाङवोहाङ निर्माण सेवा	६१७०२३७६६	०२।२०८०।३।२२	३४२८५.४४	२०७९ एम १०
७।२०७९।८।१६	सेवारो नेटवर्क	६१०३९६३१७		१७३८७५	२०७९ एम १०
७४।२०७९।१२।२६	सेवारो नेटवर्क	६१०३९६३१७		५७८५०	२०७९ एम १०
जम्मा				५१७०५९.९७	

बेरुजु दफा ८७ सँग सम्बन्धित विवरण - अनुसूची -१३

ठेक्का नं	ठेक्काको विवरण	सम्झौता मिति	सम्झौता रकम	सम्पन्न गर्नुपर्ने मिति	हाल सम्मको भुक्तानी	म्याद थप अबधि	सुरु अबधिको म्याद थप प्रतिशत
MRMTT/NCB/Works no-०३/०७८/०७९	पलाञ्चोक कन्ट्रक्सन प्रालि को गाउँपालिका कभर्ड हल निर्माण	२०७९।०५।०६	२१४९४२८२।३९	२०८०।३।३१	१६८२१६०५।५५	२०८०।४।३१	८।३३ (१ महिना)
MRMTT/NCB/Works no-०४/०७७/०७८	५ शैया अस्पताल निर्माण विकोई / सेवालुङ्ग / पहाडी जे भि	२०७८।३।३०	६६२२४१४४।६५	२०८०।३।३०	३३४१३१७०।०३	२०८०।३।१२ मा	६ महिना

बेरुजु दफा ९० सँग सम्बन्धित विवरण - अनुसूची -१४

.....(प्रारम्भिक प्रतिवेदन उपर /प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-१७ *को निर्णयबाट रू.* ४,२७०,००० */- सम्परीक्षण गरिएको ।)*

बेरुजु दफा ९२ सँग सम्बन्धित विवरण - अनुसूची -१५

(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-१७ *को निर्णयबाट रु*३,३३६,७४१ */- सम्परीक्षण गरिएको ।*

गो.भौ.नं. मिति	भुक्तानी लिने	कार्य विवरण	भुक्तानी रकम	कैफियत
१२।२०७९।९।११	मा दुर्गा कंक्रिट उद्योग प्रा.लि कन्काई झापा	कोटेशन मार्फत पाईप खरिद	९२०९२७	कार्यसम्पन्न प्रतिवेदन पेश नभएको
जम्मा			९२०९२७	

बेरुजु दफा ९६.१ सँग सम्बन्धित विवरण - अनुसूची -१६

निर्माण व्यवसायी	कार्य	सम्झौता रकम	भुक्तानी रकम	भेरिएशन रकम	भेरिएशन प्रतिशत
सुनकोशी निर्माण सेवा प्रालि	लिवाङ्ग स्वास्थ्य चौकी भवन निर्माण	१२२६१४८५।३४	१३३२७९३०	१००२०१९.१४	८.१७